का.जि.प्र.का.द.नं. १००/०५९/६०

वर्ष १७, अंक २८७
२१ पुस २०७६, सोमबार
6 January 2020, Monday
www.madhyanhadaily.com
पृष्ठ ८ मूल्य रु. ५/-

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

# खाडीमा तनाव

## मध्यपूर्वमा रहेका कामदार र नेपाली अर्थतन्त्रमा गम्भीर संकटको त्रास । परराष्ट्रमन्त्री ज्ञवाली र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री यादवविच छलफल, दुतावासहरूलाई उच्च सतर्कतामा रहन निर्देशन ।

रेशम राज पौडेल/मध्यान्ह
काठमाडौं, २० पुस





मध्यपूर्वमा विकसित घटनाक्रमबारे आइतवार श्रममन्त्री रामेश्वर राय यादवले परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीसँग छलफल गरेका छन् । इरानी कूद्स फोर्सका प्रमुख कासिम सुलेमानीको गत हप्ता छिमेकी इराकको राजधानीमा विमानस्थलबाहिर अमेरिकी आक्रमणमा परेर मृत्यु भएपछि मध्यपूर्वमा तनावको अवस्था रहेको छ ।

आइतबारमात्रै इराकको राजधानी बगदाद सहित विभिन्न क्षेत्रमा रकेट हमला भएको छ । रकेट हमला अमेरिकी दूतावास सहित अमेरिकी सेना रहेको क्षेत्रमा भएको हो । इराकी सेनालाई उदृत गर्दै बीबीसीले अमेरिकी दूतावास र सेना लक्षित रकेट हमला गरिएको बताएको छ ।

अमेरिका इरान तनाव अझ चर्किँदै गए त्यसको प्रत्यक्ष असर त्यस क्षेत्रमा रहेका नेपाली कामदार र कामदारले पठाएको रेमिट्यान्समा निर्भर नेपाली अर्थतन्त्रमा पनि पर्ने भएकाले परराष्ट्र मन्त्रीसँग त्यस विषयमा छलफल भएको श्रममन्त्री यादवले मध्यान्ह दैनिकलाई जानकारी दिए ।

मध्यपूर्व मध्ये हाल कतारमा तीन लाख ६० हजार, साउदी अरबमा चार लाख, यूएईमा दुई लाख ५० हजार, कुवेतमा ७० हजार, ओमानमा २० हजार, बहराईनमा २५ हजार, लेबनानमा १२ हजार, जोर्डनमा १२ हजार, इजरायलमा तीन हजार गरी वैधानिक रूपमा काम गरिरहेका करिब १२ लाख र अवैधानिक रूपमा काम गरिरहेका अन्य थप गरी ठूलो संख्यामा नेपाली कामदार सो क्षेत्रमा रहेका छन् । युद्ध चर्किए उनीहरूलाई उद्धार गर्न समेत कठिनाई हुनेछ ।

त्यस क्षेत्रमा द्वन्द्व चकिएर आर्थिक गतिविधिमा शिथिलता आएमा मात्रै त्यसको प्रत्यक्ष असर नेपाली अर्थतन्त्रमा पर्ने विज्ञहरूको भनाइ छ । आइतबारको छलफलमा खतरामा पर्न सक्ने सम्भावित क्षेत्र र नेपालीबारे प्रतिवेदन दिन दूतावासहरूलाई निर्देशन दिने निर्णय समेत भएको मन्त्री यादवले बताए । तनाव चर्किदा वा त्यहाँको अर्थतन्त्रमा शिथिलता आँउदा मात्रै पनि नेपालमा रोजगारीका लागि आउने डिमाण्ड घट्न सक्ने बताइएको छ ।

विभिन्न शक्ति राष्ट्रहरूले तनाव घटाउन इरानलाई कूटनीतिक मार्ग अवलम्बन गर्न आग्रह गरेका छन् । तर ईरानले बदला लिने बताएको छ ।

पराराष्ट्रमन्त्री ज्ञवालीले समस्या उत्पन्न भए अन्तर्राष्ट्रिय आप्रवास संगठन आईओएम सहित संयुक्त राष्ट्रसंघीय नियोगहरूको सहायता लिन सक्ने बीबीसीलाई बताएका छन् । हाल नेपालको कुल गार्हस्थ्य उत्पादनमा रेमिट्यान्सको योगदान झन्डै ३० प्रतिशत रहेको छ । एकैपटक धेरै देशबाट नेपाल आउने रेमिट्यान्स घटेमा त्यसले नयाँ संकट सिर्जना गर्न सक्ने छ । आइतबारको छलफलमा मध्यपूर्व तनावले पार्ने असरका अतिरिक्त नेपाली कामदारका लागि नयाँ रोजगार गन्तव्य खोज्ने विषयमा पनि परराष्ट्रमन्त्री र श्रममन्त्रीबीच छलफल भएको थियो ।

वैदेशिक रोजगारीका विषयमा केन्द्रित रहेर परराष्ट्रमन्त्री र श्रममन्त्रीबीच लामो समय पछि सो उच्चस्तरीय छलफल भएको बताइएको छ । यसअघि परराष्ट्रमन्त्री ज्ञवाली र तत्कालीन श्रममन्त्री गोकर्णराज विष्ट एकै जिल्लाका भएका भएपनि वैदेशिक रोजगारका विषयमा ठोस छलफल हुन सकेको थिएन ।

छलफलका लागि मन्त्री यादवसहित मन्त्रालयका सचिव विनोद केसी, वैदेशिक रोजगार विभागका महानिर्देशक डा. भीष्मकुमार भूसाल तथा मन्त्रालयका उच्च अधिकारीहरू परराष्ट्र मन्त्रालय पुगेका थिए ।

# कांग्रेस विवाद जिल्ला सभापतिसम्म

## आज केन्द्रीय कार्यालयमा भेला

मध्यान्ह संवाददाता
काठमाडौं, २० पुस



प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस भित्रको विवाद जिल्ला सभापतिसम्म पुगेको छ । कांग्रेस केन्द्रीय समितिले गरेको निर्णयमा जिल्ला सभापतिहरुसमेत विभाजित भएका छन् । केन्द्रमा विवाद जारी रहँदा कांग्रेसका जिल्ला सभापतिहरु काठमाडौंमा भेला हुन लागेका छन् । सोमबार कांग्रेस जिल्ला सभापतिहरु पार्टी केन्द्रीय कार्यालयमा भेला भई विवादको समाधानका लागि पहल गर्ने भएका छन् ।

पछिल्लो समय महाधिवेशन मिति, विभागहरुको गठन लगायतमा पार्टीभित्र विवाद बढेपछि केन्द्रीय समिति बैठक बहिस्कारसम्म पुगेका वरिष्ठ नेता रामचन्द्र पौडेल समूहले छलफलका लागि जिल्ला सभापतिहरुलाई बोलाएको जनाइएको छ । महामन्त्री शशांक कोइराला र नेता कृष्णप्रसाद सिटौला समूह पनि जिल्ला सभापतिहरुको भेलामा सहभागी हुने केन्द्रीय सदस्य प्रदीप पौडेलले जनाएका छन् ।

नेता पौडेलका अनुसार पार्टी विधानका केही धारा निलम्बन गरिएको, महाधिवेशनको मिति र विभागहरुका विषयमा छलफल हुनेछ । पौडेलले केन्द्रीय समितिबाट भएको

बाँकी पृष्ठ २ मा

### उम्मेद्वार चयनमा पनि देउवाको एकलौटी

काठमाडौं/मस- राष्ट्रियसभाको उम्मेद्वार चयन गर्ने जिम्मेवारी असन्तुष्ट पक्षलाई दिने तयारी भएपनि अन्तिम समयमा सभापति शेरबहादुर देउवाले एकलौटी रुपमा उम्मेद्वार तय गरेका छन् । कांग्रेस पदाधिकारी बैठकले राष्ट्रियसभा निर्वाचनका लागि १६ उम्मेद्वारको नामावली सार्वजनिक गरेको थियो । उक्त बैठक भने वरिष्ठ नेता रामचन्द्र पौडेलले वहिस्कार गरेका थिए ।

पदाधिकारी बैठकमा वरिष्ठ नेता पौडेल सहभागी नहुँदा सभापति पक्षले एकलौटी निर्णय गरेको केन्द्रीय सदस्य रामकृष्ण यादवले बताए । पौडेल पक्षको बहिष्कारका बावजुद गत पुस ११ गते बसेको केन्द्रीय समितिको बैठकले महाधिवेशनको मिति तय गरेको थियो । केन्द्रीय समितिको बैठकले २०७७ सालको फागुनमा महाधिवेशन गर्ने निर्णय गरेपछि त्यसलाई सच्याउन दबाब दिने रणनीति पौडेल पक्षको रहेको छ । उम्मेद्वार चयनका लागि कांग्रेसले बिहीवार केन्द्रीय समितिको बैठक बोलाएको थियो । बैठकमा पौडेलपक्षीय नेताहरू उपस्थित नभएपछि उम्मेद्वार छान्ने जिम्मा पदाधिकारीलाई दिइएको थियो तर, पौडेल पक्षलाई सहमतिमा लिन भनिएको थियो ।

बिहीवार एकातिर पार्टी केन्द्रीय कार्यालय सानेपामा केन्द्रीय समितिको बैठक बसिरहेको थियो भने बैठक बहिष्कार गरेर वरिष्ठ नेता पौडेल, नेता प्रकाशमानसिंह, मिनेन्द्र रिजाल लगायतका नेताहरू महामन्त्री शशांक कोइराला निवास महाराजगञ्जमा भेला भएका थिए ।

# सूचना प्रणाली तालिममा व्यवसायीहरु



मध्यान्ह संवाददाता
काठमाडौं, २० पुस

वैदेशिक रोजगार विभागले कार्यान्वयनमा ल्याएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीप्रति वैदेशिक रोजगार व्यवसायीहरुले विशेष चासो देखाएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले विभागसँगको सहकार्यमा शुरु गरेको दुई दिने अभिमुखीकरणको पहिलो दिन आइतबार देखिएको व्यवसायीहरुको उपस्थितिले विभागले शुरु गरेको प्रणालीप्रति वैदेशिक रोजगार व्यवसायीको विशेष चासो प्रकट भएको देखिएको हो । आइतबार दुवै सत्रमा गरी ६ सय १० जना सहभागी भएको संघका सचिव मेघनाथ भुर्तेलले मध्यान्हलाई जानकारी दिए ।

तालिमको उद्घाटन गर्दै वैदेशिकर रोजगार विभागका महानिर्देशक डा. भीष्मकुमार भूसालले व्यवसायीहरुको सहजताका लागि विभागले लामो तयारी र परीक्षण गरी वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याएको जानकारी दिए । शुरुमा केही अन्योल जस्तो लागे पनि प्रणालीमा गरिएका व्यवस्थाको परिपालनाले वैदेशिक रोजगार व्यवसायीले श्रम स्वीकृति लिन जुटाउनुपर्ने कागजातको झमेला अन्त्य गर्ने बताए ।



संघका अध्यक्ष विष्णुप्रसाद गैरेले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीको आवश्यकताको भूमिकाबारे चर्चा गर्दै प्रणालीले श्रम स्वीकृतिमा सहजता ल्याउनुपर्ने माग गरे । संघका प्रथम उपाध्यक्ष कमल तामाङले स्वागत मन्तव्य रोकेको कार्यक्रम महासचिव सुजित श्रेष्ठले सञ्चालन गरेका थिए । विभागका कम्प्युटर इन्जिनियर राजु श्रेष्ठ र विपुल ढुंगाना सहित संघका महासचिव श्रेष्ठले तालिममा सहभागी व्यवसायी तथा कर्मचारीका प्रश्नको उत्तर दिएका थिए ।

संघले आइतबार बिहान ११ बजेदेखि १ बजेसम्म ईजाजतपत्र नं १ देखि ३८५ सम्म र दिउँसो २ बजेदेखि ४ बजेसम्म ईजाजतपत्र नं ३८६ देखि ७७० सम्म भएका व्यवसायीहरुलाई तालिममा बोलाएको थियो । दुवै सत्रमा व्यवसायी तथा कर्मचारीहरुको बाक्लो उपस्थिति रहेको थियो । संघले सोमबार

बाँकी पृष्ठ २ मा

# दुबईको टावर्समा नेपाली झण्डा फहराउँदा..

मध्यान्ह संवाददाता
काठमाडौं, २० पुस



संयुक्त अरब इमिरेट्स (यूएई) को पाँचतारे होटल 'ताज जुमिरा लेक टावर्स'मा नेपाली राष्ट्रिय झण्डा फहराउन थालेको छ । नेपालका एक्ला अर्बपति विनोद चौधरीले उक्त टावर्समा नेपालको झण्डा फहराएका हुन् । चौधरीका छोराहरूले हाँकिरहेको सीजी कर्प ग्लोबलले उक्त टावर्स सञ्चालन गरेको हो । नेपाली झण्डा फहराएको विषयमा अन्तर्राष्ट्रिय मिडियाहरूले लेखेका छन् 'ताज जुमिरा लेक टावर्समा लोभलाग्दो राष्ट्रिय गौरव प्रदर्शन भइरहेको छ, जसको प्रतिनिधित्व रातो रंगमा सजिएको चन्द्र र सूर्यअंकित नेपालको राष्ट्रिय झण्डाले गरिरहेको छ । विश्वभरका मानिसको गन्तव्य रहने यस होटलमा यो झण्डा सधैं फहराइरहनेछ ।'

टावर्सको उद्घाटनमा शुरुमा यूएईको झण्डा फहराइएको थियो । त्यसपछि भारतीय प्रख्यात ब्रान्ड ताजले आफ्नो देशको गौरवका लागि भारतीय झण्डा फहरायो । त्यतिबेला नेपाली अर्बपति विनोद चौधरीको मनमा गढ्यो- त्यसो भए यो होटलमा नेपाली राष्ट्रिय झण्डा किन नफहराउने ? जबकि यसका मुख्य लगानीकर्ता नेपाली छोरा हुन् । विश्वव्यापी होटल विस्तार गरिरहेका उनका छोरा राहुल चौधरीको निमन्त्रणा स्वीकार गरी विनोद होटल

बाँकी पृष्ठ २ मा

# प्रशासनले छाड्यो, अध्यागमनले समात्यो

मध्यान्ह संवाददाता
काठमाडौं, २० पुस

एक/एक हजार धरौटीमा रिहा भएका १२२ जना चिनियाँ नागरिक अध्यागमन विभागको नियन्त्रणमा परेका छन् । नेपाल र चीनको संयुक्त अपरेशनबाट काठमाडौंका विभिन्न स्थानबाट पक्राउ परेका उनीहरूलाई जिल्ला प्रशासन कार्यालय काठमाडौंले एक/एक हजार रुपैयाँ जरिवाना गराएर रिहा गरेको थियो ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले आइतबार अभद्र व्यवहार सम्बन्धी कसुरमा एक हजार रुपैयाँ धरौटी तिरेर छाड्न आदेश दिएको थियो । तर, काठमाडौं प्रहरी परिसर टेकुले आदेश लगत्तै अध्यागमनमा बुझाएको हो ।

उनीहरुले अध्यागमन सम्बन्धी कानून उल्लंघन गरेकाले विभागको जिम्मा लगाइएको काठमाडौं प्रहरी प्रमुख एसएसपी उत्तमराज सुवेदीले जानकारी दिए । पक्राउ परेका मध्ये ३० जनासँग मात्र पासपोर्ट छ । त्यसैले अन्य सबै अनाधिकृत रुपमा नेपाल बसेको ठहरिएको एसएसपी सुवेदीको भनाइ छ ।

बाँकी रहेकाले पनि पर्यटक भिसामा अन्य गतिविधि गर्नू अध्यागमन कानून विपरित रहेको सुवेदीले बताए । स्रोतका अनुसार विभागले अनुसन्धानपछि १ सय २२ जनालाई देश निकाला गर्ने निर्णय गर्नेछ ।

चिनियाँ प्रहरीसँगको समन्वयमा नेपाल प्रहरीले ७ पुसमा काठमाडौंका विभिन्न स्थानमा संयुक्त अपरेसन चलाउँदै १२२ चिनियाँ नागरिकलाई नियन्त्रणमा लिएको थियो । सरकारी वकिलको रायअनुसार चिनियाँ नागरिकले कसूर स्वीकारेकाले प्रमुख जिल्ला अधिकारी जनकराज दाहालले एक हजार रुपैयाँ जरिवाना तिराउन आदेश दिएका थिए ।

अभद्र व्यवहारसम्बन्धी कसूरमा १० हजार रुपैयाँसम्म जरिवाना हुनसक्ने कानूनी व्यवस्था छ । नेपाल र चीनको संयुक्त अपरेशन भन्दै केन्द्रीय अनुसन्धान

बाँकी पृष्ठ २ मा

**नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार व्यवसायी फोरमको निर्वाचन सहितको साधारण सभा सम्बन्धि सूचना**

यस नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार व्यवसायी फोरम आफनो नयाँ कार्यसमिति चयन सहितको दशौं साधारण सभामा जान लागेको ब्यहोरा सहर्ष जानकारी गराउँदै उक्त साधारण सभामा आधिकारीक सहभागिताका लागी यस लोकतान्त्रिक फोरम संग आबद्ध सम्पूर्ण बैदेशिक रोजगार व्यवसायीक संस्थाहरुले अनिवार्य आ-आफनो सदस्यता नविकरण गर्ने तथा यस लोकतान्त्रिक फोरम संग आस्था राखि सदस्य बन्न ईच्छुक नयाँ व्यवसायी संस्थाहरु **(गत भाद्र १८ अगाडी एक आपसमा गाभिएका समेत)** लाई २०७६ माघ ७ गते सम्म सदस्यता लिई उक्त साधारण सभामा सहभागी भई सक्रिय भूमिका निर्वाह गर्नुहुन सम्वन्धित सबैमा जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजातहरु :**

१. कम्पनीको लेटरहेडमा निवेदन
२. सन्चालकको विवरण
३. शेयर लगत प्रमाणपत्रको प्रतिलिपि
४. नागरिकता वा राहदानीको प्रतिलिपि
५. पासपोर्ट साईजको २ प्रति फोटो

तारानाथ अर्याल
महासचिव

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरम
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१,४४६६४२८
कृष्ण न्यौपाने (कार्यालय सचिव) ९८५१२३७५०१

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अत्यन्त जरुरी सूचना**

वैदेशिक रोजगार विभागले कार्यान्वयनमा ल्याएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली **(FEIMS)**, नेपाल वैदेशिक रोजगार व्यवसायी संघले कार्यान्वयनमा ल्याउन लागेको म्यानपावर म्यानेजमेन्ट सिष्टम **(Manpower Management System)** र संघद्वारा सन्चालनको तयारीमा रहेको वेब पोर्टल **(Web Protel)** का बारेमा यस संघमा आवद्ध सदस्यहरुलाई राजधानीको बत्तीस पुतलीस्थित अनुपम फुडल्याण्डमा निम्न बमोजिम तालिम आयोजना गरिएकाले ईजाजतपत्रवाला सन्चालक तथा श्रम स्वीकृति प्रकृयाको जिम्मेवारी वहन गर्ने कर्मचारी एक जना गरी दुई जना प्रतिनिधि अनिवार्य सहभागी भई तालिम लिन सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीज्यूहरुमा हार्दिक अनुरोध गरिन्छ ।

| मिति | ईजाजतपत्र नं | समय |
|---|---|---|
| २०७६।०९।२१ गते सोमबार (आज) | इजाजतपत्र नं ७७१ देखि ११५५ | बिहान ११ बजे देखि १ बजेसम्म |
| २०७६।०९।२१ गते सोमबार (भोलि) | इजाजतपत्र नं ११५६ देखि माथि सबै | दिउँसो २ बजे देखि ४ बजेसम्म |

**पुनश्च: हिजो मिति २०७६/०९/२० गते आइतबार छुट भएका इजाजतपत्र वाला सञ्चालक तथा प्रतिनिधिहरुलाई पनि आजै तालिममा सहभागि हुन पनि पुन अनुरोध गरिन्छ ।**

सुजित कुमार श्रेष्ठ
महासचिव

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८
E-mail: info@nafea.org.np/nafea@wlink.com.np/ nafea69@gmail.com
Website: www.nafea.org.np/ Facebook: www.facebook.com/nafeaorg

# गृह र पर्यटनमन्त्री विदेश भ्रमणमा

मध्यान्ह संवाददाता
काठमाडौं, २० पुस

गृहमन्त्री रामबहादुर थापा र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराई विदेश भ्रमणमा निस्किएका छन् । आइतबार गृहमन्त्री थापा चीन भ्रमणमा निस्किएका हुन् भने शनिबार राति पर्यटनमन्त्री भट्टराई अष्ट्रेलिया भ्रमणमा निस्किएका हुन्।

चीनको पब्लिक सेक्युरिटी मिनिस्ट्रीको निमन्त्रणामा छ दिने चीन भ्रमणका क्रममा गृहमन्त्री थापा आइतबार बिहान बेइजिङ प्रस्थान गरे । भ्रमणका क्रममा चीनका जनसुरक्षामन्त्री तथा उच्च सरकारी अधिकारी तथा चिनियाँ कम्युनिष्ट पार्टीका नेतासँग भेटघाट गर्ने कार्यक्रम रहेको मन्त्री थापाका प्रेस संयोजक किरण भट्टराईले जानकारी दिएका छन् ।

मन्त्री थापाको टोलीले चीनको साँघाई र ल्हासाको भ्रमणसमेत गर्ने कार्यक्रम रहेको छ। मन्त्री थापाको टोलीमा मन्त्री थापाका सुरक्षा सल्लाहकार डा इन्द्रजित राई, गृह मन्त्रालयका प्रवक्ता, सहसचिव





केदारनाथ शर्मा, नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक सूर्यप्रसाद उपाध्यायलगायत सहभागी छन् । गृहमन्त्री थापा पुस २५ गते स्वदेश फर्कने कार्यक्रम रहेको छ ।

त्यस्तै, यही पुस २२ गते अष्ट्रेलियाको सिड्नीमा आयोजना हुने नेपाल भ्रमण वर्ष २०२० को उद्घाटनका लागि पर्यटनमन्त्री शनिबार राति नै त्यसतर्फ जानुभएको पर्यटन मन्त्रालयका प्रवक्ता रुद्रसिंह तामाङले जानकारी दिए ।

पुस २२ तारिखका दिन विदेशस्थित नेपाली दूतावासमा भ्रमण वर्षको उद्घाटन गरिने र दूतावास नभएका मुलुकमा गैरआवासीय नेपालीमार्फत उद्घाटन गरिने भ्रमण वर्ष सचिवालयले जनाएको छ। भ्रमण वर्षको अन्तर्राष्ट्रिय शुभारम्भका लागि पर्यटनमन्त्री अष्ट्रेलिया पुगेका हुन् । राष्ट्रमण्डल अष्ट्रेलियाका लागि नेपाली राजदूतावास क्यानबेराको आयोजना तथा महावाणिज्य दूतावास सिड्नी न्यू साउथ वेल्सको सहयोग सिडनीमा भ्रमण वर्षको भव्य समारोहबीच शुभारम्भ गरिनेछ ।

कार्यक्रममा गैरआवासी नेपाली संघ (एनआरएनए) लगायत स्थानीय अगुवा संस्थाको सहभागिता रहनेछ । कार्यक्रममा पर्यटनमन्त्री भट्टराई, अष्ट्रेलियाका लागि नेपाली राजदूत महेशराज दाहाल, नेपालको ५८औँ पटक भ्रमण गरेका अष्ट्रेलियन नागरिक क्रिस वाकर लगायतका विशिष्ट पाहुनाहरूले सम्बोधन गर्ने कार्यक्रम रहेको छ ।

राजदूतावासको पहलमा अष्ट्रेलियाका ट्राभल एजेन्सीहरूले नेपाल भ्रमणको प्याकेजहरू पनि सार्वजनिक गरिसकेका छन् । त्यहाँको सबैभन्दा ठूलो ट्राभल एजेन्सी फ्लाइट क्यानबेराले प्याकेज सार्वजनिक गरेको हो । अष्ट्रेलियाबाट वार्षिक करिब ३३ हजार पर्यटक नेपाल भित्रिने गरेको तथ्यांक रहेको छ। यो संख्या दोब्बर बनाउने लक्ष्य रहेको छ ।

पर्यटनमन्त्री अष्ट्रेलिया रहँदा नेपाल र अष्ट्रेलियाबीच हवाई सेवा सञ्चालनका विषयमा पनि कुराकानी हुने प्रवक्ता तामाङले बताए । नेपाल र अष्ट्रेलियाबीच सन् २०१९ सेप्टेम्बरमा हवाई सेवा सम्झौता भए पनि अझै दुवैतर्फबाट उडान हुन सकेको छैन ।

# होमवर्क नगर्दा कुटिए विद्यार्थी

**काठमाडौं/मस-** होमवर्क नगरेको भन्दै विद्यार्थी कुटपिट गर्ने शिक्षक पक्राउ परेका छन् । रूपन्देही सम्मरीमाई गाउँपालिका-६ मर्चवारमा ज्ञानदीप बोर्डिङ स्कुलमा कक्षा ५ मा अध्ययनरत मोहम्मद देवान शिक्षकबाटै कुटिएका थिए। शिक्षक शैलेन्द्र बराईले होमवर्क नगरेको भन्दै १६ पुसमा लट्ठीले हानेका थिए। शिक्षकको कुटपिटबाट देवानको आँखामा चोट लागेको थियो ।



कुटपिटपछि प्रहरीले शिक्षक बराईलाई पक्राउ गरेको हो। आइतबार हुलाकमार्फत् उजुरी गरेपछि शिक्षक बराईलाई मर्चवा इलाका प्रहरी कार्यालयले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका डिएसपी खड्ग खत्रीले जानकारी दिए । देवनले सो दिन कापी लिन बिर्सेपछि शिक्षकले कुटपिट गरेका थिए। सो उजुरी गर्दा प्रहरीसमक्ष पीडित नपुगेको भन्दै कारबाहीको काम रोकिएको थियो ।

बालबालिकासम्बन्धीको कसुर ऐन २०७५ अन्तर्गत घर विद्यालय वा जुनसुकै स्थानमा शारिरीक र मानसिक दण्ड दिने अनैतिक व्यवहार गर्नेलाई करिब एक वर्ष जेल सजाय र ५० हजारसम्म जरिवाना हुन सक्ने व्यवस्था छ ।

सधैं झै १६ पुसमा पनि देवान स्कूल गएका थिए। तर, उनले कापी घरमै बिर्सिएछन्। कापी घरमै छुटेपछि होमवर्क पनि देखाउन पाएनन्। शिक्षक बराईले होमवर्क नदेखाएको भन्दै गाली मात्र गरेनन्। लट्ठीले समेत हिर्काए। बराईले हानेको लट्ठी मोहम्मदको आँखामा लाग्यो ।

यता विद्यालयका प्रधानाध्यापक सुरेन्द्र बराईले भने गाली गरेर कक्षाबाट निस्कन भनेपछि देवानले शिक्षकसँग बाझ्न खोजेपछि पिटेको बताए। घटनापछि देवानलाई प्रध्यानाधापक बराईले भैरवहास्थित युनिभर्सल कलेज अफ मेडिकल साइन्समा उपचार गराउन लगेका थिए ।

# पार्टीमा समान व्यवहार आवश्यक : नेता नेपाल



**धनगढी/मस-** सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का वरिष्ठ नेता माधवकुमार नेपालले पार्टीमा योग्यता र क्षमताका आधारमा कार्यकर्तालाई जिम्मेवारी दिनुपर्ने बताएका छन् । पुष्पलाल मञ्च नेपालद्वारा आइतबार धनगढीमा आयोजित 'नेपाली कम्युनिष्ट आन्दोलन, संघीयता र समृद्धि' विषयको कार्यक्रममा उनले पार्टीभित्र गुटउपगुट बनाई कार्यकर्तालाई हेप्ने र पछाडि पार्ने प्रवृत्ति देखिएको तथा योग्यता र क्षमता भएका व्यक्तिमाथि अपमान भइरहेको बताए ।

नेता नेपालले पार्टीमा हाटहुटे व्यक्ति हावी भएमा पार्टी सकिने बताउँदै सबै नेता तथा कार्यकर्तालाई समान व्यवहार गरेर अघि बढ्नाको विकल्प नभएकामा जोड दिए । 'पार्टीमा एउटै गल्ती गर्दा कसैलाई फसाउने, कसैलाई पूजा गर्ने प्रवृत्ति बढेको छ, नियमकानून सबैलाई बराबर लागू हुनुपर्छ, कसैलाई पाखा त कसैलाई काखी गरिनुहुन्न ।'

उनले एमसिसी अनुदान सहयोग नेपालको हित विपरीत भएको जिकिर गर्दै त्यसमा रहेका केही बुँदा सच्याउनुपर्ने बताए। नेता नेपालले तीनै तहका सरकारले एकापसमा समन्वय गरेर विकासनिर्माणका कामलाई प्राथमिकता राख्नुपर्नेमा जोड दिए। उनले भ्रमण वर्ष सफल पार्न तीनै तहका सरकारले विशेष योजना बनाएर अघि बढ्नुपर्ने तथा सुदूरपश्चिम प्रदेशको समग्र विकासका लागि योजनाबद्धरुपमा लाग्नुपर्ने सुझाव पनि दिए ।

# सप्तऋषि अस्पतालमा तीन नवजात शिशुको मृत्यु



**सिरहा/मस-** लहानस्थित सप्तऋषि अस्पतालमा तीन नवजात शिशुको मृत्यु भएको छ। पुस १८ मा अस्पतालमा शल्यक्रिया गरी तीन महिलाबाट जन्मिएका शिशुको मृत्यु भएको हो ।

सिरहा औरही गाउँपालिका-१, दरैहियाकी प्रमिला यादव, सखुवानन्कारकट्टी गाउँपालिका-३, दिनाजपुरकी जानकी यादव र सप्तरी बलानबिहुल गाउँपालिका-३, दूधैलाकी संगीता साहले शल्यक्रियापछि सन्तानलाई जन्म दिएका थिए । चिकित्सकको लापरबाहीले शिशुको मृत्यु भएको परिवारजनले आरोप लगाएका छन्।

एकै रातमा तीन शिशुको मृत्यु भएपछि पीडित परिवारले शनिवार अस्पतालमा प्रदर्शन गरेका थिए । जानकीका आफन्त उपेन्द्र यादवले चिकित्सकको लापरबाहीले शिशुहरूको मृत्यु भएकाले कारबाहीको माग गरे ।

अस्पतालका सञ्चालक डा. पशुपति चौधरीले चिकित्सकको लापरबाही नभएको दाबी गरेका छन्। उनले चिकित्सकहरूले जटिल अवस्था भएकाले शल्यक्रिया गर्दा शिशुको मृत्यु भएको बताए ।

घटनालाई गम्भीरताका साथ लिँदै जिल्ला प्रशासन कार्यालय सिरहाले छानबिन समिति गठन गरेको छ। प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले उपचारमा लापरबाही देखिएमा कानूनअनुसार कारबाही हुने बताए ।

# फ्रान्समा गोरखाली समाजद्वारा भ्रमण वर्षको प्रचार प्रसार

**काठमाडौं/मस-** फ्रान्समा गोरखाली समाज फ्रान्सले 'नेपाल भ्रमण वर्ष २०२०'को प्रचार प्रसार गरेको छ। सन् २०२० को पहिलो दिन जनवरी १ तारिखमा फ्रान्सका लागि नेपाली राजदूत दीपक अधिकारीको प्रमुख अथित्यतामा समाजले भ्रमण वर्षको प्रचार प्रसार गरेको हो ।

साथै सोही दिन 'हाम्रो टोपी हाम्रो शान, नेपालीको पहिचान' भन्ने नाराका साथ ७ औं नेपाली टोपी दिवस समेत मनाइएको थियो । नेपाल लगायत विश्वभर नेपालीहरुले टोपी दिवस मनाइरहँदा फ्रान्सका नेपालीहरुले फ्रान्सको प्रमुख पर्यटकीय क्षेत्र आइफल टावरमा टोपी र नेपाली पोशाक लगाएर टोपी दिवस मनाएका थिए।

नेपालको आर्थिक समृद्धिको प्रमुख जगका रुपमा पर्यटन क्षेत्रलाई स्थापित गर्ने संकल्पसहित राष्ट्रिय महोत्सवका रुपमा मनाउन लागिएको नेपाल भ्रमण वर्ष २०२० को औपचारिक शुभारम्भ भएसँगै नेपाल भ्रमण वर्ष २०२० को प्रचार प्रसार र पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने उद्देश्यले कार्यक्रम गरिएको थियो । नेपालको पहिचान सहित कार्यक्रममा उपस्थित सम्पूर्णलाई करिब ३०० वटा पर्चा वितरण गरिएको थियो ।

आगन्तुक पर्यटकहरुले पनि प्लेकार्डसहित नेपाली संस्कृतिको बारेमा उत्सुक हुँदै कार्यक्रममा सहभागिता जनाएका थिए । नेपाल चिनाउन र चिसो मौसममा




बाडिएको नेपाली तातो चियाले पनि स्थलमा उपस्थित फ्रेन्च र पर्यटनलाई थप आकर्षण गरेको थियो ।

उक्त कार्यक्रममा उप-प्रमुख नियोग खड्ग प्रसाद दाहाल, नेपाली साँस्कृतिक गृहका सुरज श्रेष्ठ, मगर समाज फ्रान्सका अध्यक्ष रमेश थापा, नेपाली जनसम्पर्क समिति फ्रान्सका अध्यक्ष सुधिर राना, एनआरएनए युवा संयोजक दिलिप गुरुङ, अन्तर्राष्ट्रिय टोपी प्रतिष्ठान, सस्कृति तथा सद्भावना दूत एनआरएनए फ्रान्सका पुर्व अध्यक्ष एवं समाजका सल्लाहकार निर्मल अर्याल, एनआरएनए फ्रान्सका संस्थापक अध्यक्ष एवं गोरखाली समाज फ्रान्सका अभिभावक हरिहर अर्याल, भुतपुर्व एनआरएनए आईसीसी मिन जिसी लगायतको बाक्लो उपस्थिति रहेको थियो ।

सोही क्रममा बोल्दै गोरखाली समाज फ्रान्सका अभिभावक एवं एनआरएनए फ्रान्सका संस्थापक हरिहर अर्यालले नेपाली टोपीको बारेमा नेपाली इतिहास र टोपीको महत्वको बारेमा जानकारी दिएका थिए ।

साथै एनआरएनए फ्रान्सका पूर्व अध्यक्ष एवं गोर्खाली समाजका सल्लाहकार निर्मल अर्यालले फ्रेन्च भाषामा नेपाली ढाका टोपी र टोपी दिवसको महत्वका बारेमा प्रस्ट पार्दै नेपाल भ्रमण वर्ष २०२० लाई आ-आफ्नो ठाउँबाट सक्दो सहयोग गर्न आग्रह समेत गरे ।

त्यसैगरी, सास्कृतिक मन्च गोरखाली समाज फ्रान्सका संयोजक एवं कवी सुजन राज भट्टले टोपी शीर्षकमा आफ्नो कविता वाचन गरेका थिए ।

उक्त कार्यक्रममा सगरमाथा र गौतम बुद्धको देश भनेर चिनाउने उद्देश्यका साथ नेपालीहरु उस्तै पहिरनका साथमा उपस्थित थिए । गोरखाली समाज फ्रान्सका महासचिव राजेन्द्र श्रेष्ठले कार्यक्रम संचालन गरेका थिए। कार्यक्रमको समापन गर्ने क्रममा गोरखाली समाज फ्रान्सका अध्यक्ष सुरेन्द्र काप्रीले सम्पूर्ण आगन्तुकहरुमा धन्यवाद ज्ञापन गरेका थिए ।

## कांग्रेस ...

एकलौटी निर्णयविरुद्ध तलसम्म जाने रणनीति अनुरुप जिल्ला सभापतिहरुसँग पहिलो चरणमा छलफल हुने बताए। कांग्रेसका सबै जिल्ला सभापतिलाई बोलाइएको भनिए पनि देउवा समूहका जिल्ला सभापतिहरुले भने आफूलाई खबर नै नआएको दाबी गरेका छन् ।

पौडेल समूहका कालिकोटका जिल्ला सभापति हर्स बम, बर्दियाका जिल्ला सभापति सञ्जय गौतम लगायतले आफूहरुलाई वरिष्ठ नेता पौडेलले बोलाएकाले काठमाडौं आउन लागेको जानकारी दिँदै केन्द्रीय समितिमा भएको कुराबारे नेताहरुले बैठकलाई जानकारी गराएपछि जिल्ला सभापतिहरुले आफ्ना विचार राख्ने उल्लेख गरे ।

यता सभापति देउवा पक्षका जिल्ला सभापतिहरु भने आफूलाई भेलाका विषयमा आधिकारिक जानकारी नभएको दाबी गर्छन् । कञ्चनपुरका जिल्ला सभापति हरिप्रसाद बोहरा, बाजुराका जिल्ला सभापति कविराज पण्डित, पर्वतका जिल्ला सभापति खिमप्रसाद भुसाल लगायतले आफूहरुलाई सभापतिको भेलाबारे जानकारी नभएको बताए ।

जिल्ला सभापतिहरुको भेलाले रामचन्द्र पौडेल पक्षलाई बल मिल्ने देखिन्छ। केन्द्रीय समितिमा अल्पमतमा रहेको पौडेल समूह जिल्ला सभापतिहरुमा भने बलियो छ । त्यसकारण जिल्ला सभापतिहरुबाट दबाब सिर्जना गर्ने पक्षमा पौडेल समूह रहेको छ ।

## अध्यागमनको ...

ब्युरो (सीआईबी), काठमाडौं प्रहरी परिसर र महानगरीय अपराध अनुसन्धान महाशाखा टेकुले ७ पुसमा १२२ जना चिनियाँ नागरिकलाई पक्राउ गरेको थियो। उनीहरूले नेपालमा बसेर अवैध गतिविधि गरिरहेको प्रहरीको दाबी थियो ।

पहिला साइबर अपराधमा संलग्न भएको भनिए पनि पछि उनीहरूलाई अभद्र व्यवहार गरेको अभियोगमा मुद्दा दर्ता गरिएको थियो । कानुनबमोजिम जरिबाना हुने र जरिबाना तिर्नेलाई स्वदेश फिर्ता पठाइने तर तिर्न नसक्नेलाई कारागार चलान गरिनेछ। यसबाट ती चिनियाँ नागरिकहरूलाई चीन पठाउने बाटो सहज भएको देखिएको छ ।

पक्राउ परेलगत्तै उनीहरूलाई चीन लैजान खोजिएको भए पनि नेपालमा छानबिनपछि मात्रै निर्णय लिने भन्दै मुद्दाको प्रक्रिया अगाडि बढाइएको थियो । चीनले विभिन्न देशमा बसेर चीनमा अपराध गरेको भन्दै सन्दिग्ध व्यक्तिहरूको खोजी गर्न सक्रियता देखाएकाले सबैलाई चीन नै लैजान सक्ने अनुमान गरिएको छ ।

## दुबईको...

उद्घाटनका विशिष्ट पाहुना बनेका थिए ।

दुबईको 'ताज जुमिरा लेक टावर्स' विश्वको एकमात्र त्यस्तो पाँचतारे होटल हो, जसमा नेपालको राष्ट्रिय झण्डा फहराएको सीजीले जनाएको छ । सीजी कर्प ग्लोबल भन्छ, 'अब सीजी हस्पिटालिटीले विश्वका जुनकुनै मुलुकमा स्थापना गर्ने होटलमा चन्द्र र सूर्य अंकित झण्डा फहराउनेछ ।' काठमाडौंमा केन्द्रीय कार्यालय रहेको सीजीले विश्वका २० मुलुकमा आफ्नो व्यावसायिक उपस्थिति जनाइसकेको छ। पुस्तौंदेखिको साखलाई विश्वभर स्थापित गर्न समूहले आक्रामक बजार विस्तार गरिरहेको छ । चौधरी ग्रुपलाई 'फोर्ब्स'ले नेपालको एकमात्र अर्ब डलरको कम्पनी भनेर सूचीकृत गरेको छ ।

पिताको व्यावसायिक विरासतलाई कायम राख्दै छोरा राहुल चौधरीले सन् २००६ देखि सीजी कर्प ग्लोबल र सीजी हस्पिटालिटीको जिम्मेवारी सफलतापूर्वक सम्हाल्दै आएका छन्। सीजी कर्प ग्लोबलले १३ वर्षको अवधिमा हस्पिटालिटी क्षेत्रको विस्तार ११ मुलुकमा ४,३०० प्रतिशतले बृद्धि गरेको छ। उसले विश्वका ११ मुलुक र ८७ गन्तव्यमा १३० होटल र रिसोर्ट सञ्चालन गरिरहेको छ ।

## सूचना...

बिहान ११ बजे देखि १ बजेसम्म ईजाजतपत्र नं ७७१ देखि ११५५ र दिउँसो २ बजेदेखि ४ बजेसम्म ईजाजतपत्र नं ११५६ देखि माथि सबै व्यवसायीहरुलाई तालिममा आमन्त्रण गरेको छ । यस्तै महासचिव श्रेष्ठले आइतबार तालिम लिन छुटेका व्यवसायी एवं प्रतिनिधिहरुलाई पनि सोमबारको तालिममा सहभागी हुन आग्रह गरेका छन् ।

विभागले यसै महिनाको १६ गतेदेखि पूर्ण रुपमा प्रणाली लागू गरेको बताएको छ । संघले उक्त प्रणाली वैदेशिक रोजगार ऐन २०६४ र वैदेशिक नियमावली विपरित हुन नहुने बताएको छ । आइतबार पहिलो दिनको तालिममा सहभागी व्यवसायीहरुले पूर्व स्वीकृति भएको १५ दिन भित्र कामदार छनोट गर्नुपर्ने र पटक पटक विज्ञापन गर्नुपर्ने प्रणालीको व्यवस्था झन्झटिलो रहेको प्रतिक्रिया दिए ।

सूचना व्यवस्थापन प्रणालीले श्रम स्वीकृतिका लागि व्यवसायीलाई फाईल बोकेर वैदेशिक रोजगार कार्यालय ताहाचल धाउनुपर्ने अवस्थाको अन्त्य र विदेशस्थित नेपाली नियोगबाट प्रमाणीकरण भएको मागपत्र व्यवसायीको इमेल सहित विभागको वैदेशिक रोजगार कार्यालय ताहाचलमा आउनु भने प्रणालीको राम्रो पक्ष भएको अधिकांश व्यवसायीहरुको भनाइ थियो ।

वैदेशिक रोजगारीमा जाने कामदारको छनोट र नेपालको लोकसेवा आयोगले निजामती सेवाका लागि लिने परीक्षा र गर्ने छनोट जस्तो जटिल बनाउन खोजिएको भन्दै कतिपय व्यवसायीहरुले विदेशबाट अन्तर्वार्ताका लागि आउने रोजगारदाता प्रतिनिधिले आफुलाई पुग्ने जनशक्ति पुगेपछि थप अन्तरवार्ता नगर्ने अवस्थामा अन्तर्वार्तामा सहभागी हुन नपाउने रोजगार आकांक्षी युवाहरुको आक्रोसको निशानामा म्यानपावर व्यवसायी पर्ने अवस्था आउने भएकाले त्यसमा विभागले ध्यान दिनुपर्ने माग गरेका थिए ।

अन्तर्वार्तापछि छनोट सूचीमा परेका व्यक्तिको नाम हटाउन विभाग र कामदारको अनुमति लिनुपर्ने विषय व्यवहारिक नरहेको धेरैको टिप्पणी छ। छनोटमा परेका सबै कामदारको भिसा विदेशबाट नआउने व्यवहारिक पाटोलाई विभागले बुझ्नुपर्ने धेरैको भनाइ थियो ।

# मलद्वारमा लुकाएर सुन र हिरा तस्करी

मध्यान्ह संवाददाता
काठमाडौं, २० पुस

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आधा किलो सुनसहित भारतीय नागरिक पक्राउ परेका छन्। पक्राउ पर्नेमा किजाकेथिल नौसाद छन् ।

यूएईको सारजहाबाट आएका उनले क्याप्सुल बनाएर सुन मलद्वारमा राखेर तस्करी गर्न खोजेका थिए। तर, विमानस्थलमा चेकजाँचका क्रममा पक्राउ परेको महानगरीय अपराध अनुसन्धान महाशाखा, टेकुका एसएसपी सहकुलबहादुर थापाले जानकारी दिए ।

यस्तै, मलेसियाबाट आएका भारतीय नगारिक मोहमद स्यादिन स्थालीको साथबाट दुई सय ग्राम हिरा बरामद गरिएको एसएस्पी थापाले बताए । भन्सार क्षेत्र कटिसकेपछि शंका लागेर काठमाडौं मेडिकल कलेजमा लगेर जचाउँदा २ सय ग्राम हिरा पेटमा राखेर ल्याएको भेटिएको प्रहरीले जनाएको छ । थप अनुसन्धान भइरहेको जनाइएको छ ।

प्रहरीले सारजाबाट एयर अरेबियामा नेपाल आएका दुवै जनालाई पक्राउ गरेको हो। अपराध महाशाखाका प्रमुख एसएसपी थापा नेतृत्वको टोलीले विशेष सूचनाको आधारमा उनीहरुलाई नियन्त्रणमा लिएको हो । पछिल्लो एक हप्तामा मात्रै विमानस्थलबाट ६ किलो सुन बरामद भइसकेको छ ।

# कृषि विकास बैंक ह्याकिङ प्रकरणः अर्का एजेन्ट पक्राउ

मध्यान्ह संवाददता
काठमाडौं, २० पुस

कृषि विकास बैंकको सुरक्षाप्रणाली ह्याक गरी एक करोड रुपैयाँभन्दा बढी रकम लुटेर फरार भएका दीपक नेपाल पक्राउ परेका छन् । नाइजेरियन र भारतीय नागरिकसँग मिली नेपालका बैंक तथा वित्तीय संस्थाबाट ५ अर्ब रुपैयाँ भन्दा बढी रकम ह्याक गरी विदेश लैजान सहयोग गरेको अभियोगमा मोरङ रंगेली नगरपालिका-२ घर भएका ४५ वर्षीय नेपाललाई प्रहरीको अपराध महाशाखाको टोलीले पक्राउ गरेको हो ।

नेपाललाई प्रहरीले पक्राउ गरी आवश्यक कारबाहीको लागि काठमाडौं जिल्ला अदालत पठाइएको अपराध अनुसन्धान महाशाखाका प्रहरी उपरीक्षक मुकेशकुमार सिंहले जानकारी ।

सिस्टम ह्याक गरी नेपालले एक करोड रुपैयाँ लिएर भागेका थिए। १८ पुसमा



उनले गोल्फुटारमा रहेको कृषि विकास बैंकको शाखामा पैसा झिक्न आफन्तलाई पठाए पछि सोही आधारमा प्रहरीले पक्राउ गरेको हो ।

ह्याकिङका मुख्य योजनाकार भने अफ्रिकीमूलका पिटर हुन् । उनले भारतमा बसेर योजना बनाई नेपाली एजेन्टलाई प्रयोग गरेको प्रहरीको अनुसन्धानमा खुल्न आएको छ । उक्त घटनामा संलग्न मध्ये अहिलेसम्म १९ जना पक्राउ परे पनि अझै १५ जना भन्दाबढी फरार रहेको प्रहरीले जनाएको छ। पक्राउ परेका बैंकिङ कसुर मुद्दामा पुर्पक्षका लागि थुनामा छन् । 'बैंकमा चेक साट्न जाँदै गर्दा नेपाललाई पक्राउ गरिएको हो, एक करोड रकम उनको बैंक खातामै छ ', सिंहले भने उनी यसअघि पटकपटक रकम निकाल्ने प्रयास गरे पनि पक्राउ पर्न सकेका थिएनन् ।

उनीहरुले कृषि विकास बैंकबाट सफ्टवेयर ह्याक गरी चार करोड ७३ लाख ९६ हजार रुपैयाँ विभिन्न व्यक्तिको नाममा पैसा पठाएको तथा पानस रेमिट नयाँ बानेश्वरबाट १२ लाख निकालेका थिए । १० लाख हुन्डीमार्फत विदेशी ह्याकरलाई पैसा पठाए पनि अन्य पैसा पठाउन भ्याएका थिएनन् । नेपाली एजेन्टका खाताखाता मै पैसा पुगेको थियो ।

गत असोज ५ गते पानस रेमिट र कृषि विकास बैंकको प्रणाली ह्याक गरी उनीहरुले रकम निकाल्दै गर्दा १२ जनालाई महाशाखाको टोलीले पक्राउ गरेको थियो । उनीहरुबाट तत्कालीन समयमा प्रहरीले ६५ लाख रुपैयाँ बरामद गरेको थियो ।

## राष्ट्रियसभा निर्वाचन

# १८ सिटमा ४५ उम्मेदवार

मध्यान्ह संवाददाता
काठमाडौं, २० पुस

राष्ट्रियसभा सदस्यको रित्त हुन लागेको १८ पदका लागि ४५ जना उम्मेद्वारले प्रतिस्पर्धा गर्दै छन् । आगामी माघ ९ गते हुने निर्वाचनका लागि आइतबार ४५ जनाको उम्मेद्वारी दिएको निर्वाचन आयोगले जनाएको छ ।

निर्वाचनका लागि मुलुकका सातै प्रदेशमा आइतबार भएको उम्मेद्वारी मनोनयपत्र दर्ता शान्तिपूर्ण रुपमा सम्पन्न भएको निर्वाचन आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद गौतमले जानकारी दिए । बिहान १० देखि अपराह्न ३ बजेसम्म उम्मेद्वारी मनोनयन दर्ता कार्यक्रम सञ्चालन भएको थियो । आगामी फागुन २० मा दुईवर्षे कार्यकाल पूरा गर्ने नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का नौ, नेपाली काँग्रेसका सात, राजपाका दुई र समाजवादी पार्टीका एक



सदस्यको स्थानमा निर्वाचन हुन लागेको हो ।

निर्वाचनबाट महिला सात, दलित दुई, अल्पसंख्यक दुई र अन्य समूहबाट सात सदस्य निर्वाचित हुनेछन् । निर्वाचन आयोगका अनुसार, प्रदेश नं १ मा महिला, दलित र अन्य समूहका एक/एक पदका लागि तीन/तीनको उम्मेद्वारी परेको छ । प्रदेश नं २ मा महिला, दलित, अल्पसंख्यक र अन्य समूहका एक/एक पदका लागि दुई/दुई जनाले उम्मेवारी दर्ता गराएका छन् । प्रदेश नं ३ मा महिला र अन्य समूहका एक/एक पदका लागि तीन/तीनको उम्मेद्वारी मनोनयन पत्र दर्ता भएको छ ।

गण्डकी प्रदेशमा महिला र अन्य समूहका एक/एक पदका लागि महिलातर्फ दुई र अन्य समूहतर्फ तीन जनाले उम्मेद्वारी दर्ता गराका छन् । प्रदेश नं ५ मा महिला एक, अल्पसङ्ख्यक एक र अन्य समूहका एक/एक पदका लागि क्रमशः दुई, तीन र चार जनाको उम्मेद्वारी परेको छ । कर्णाली प्रदेशमा रिक्त हुने महिला एक र अन्य समूहको एक पदका लागि दुई/दुई जनाले उम्मेद्वारी दर्ता गराएको निर्वाचन आयोगले जनाएको छ । प्रदेश नं ७ मा महिला र अन्य समूहका एक/एक पदका लागि दुई दुई जनाको उम्मेद्वारी परेको छ । उनान्साठी सदस्यीय राष्ट्रियसभाका १९ जनाको आगामी फागुन २० गते पदावधि सकिँदैछ ।

### उम्मेद्वारी दिन ढिलो पुग्दा..

**जनकपुरधाम/मस-** राष्ट्रियसभा सदस्यको उम्मेद्वारी दिन एक जना ढिलो गरी पुग्दा मनोनयन दर्ता गराउन पाएनन् । प्रदेश नम्बर २ मा उम्मेद्वारी दिन पुगेका नेपाल संघीय समाजवादी पार्टीका उम्मेद्वार फर्किएका छन् । निर्वाचन आयोगले उम्मेद्वारी मनोनयन दर्ताका लागि आइतवार १० देखि ३ बजेसम्मको समय छुट्याएकोमा २५ मिनेट ढिला गरी उनी पुगेका थिए ।

उक्त पार्टीका तर्फबाट मोहम्मद अख्तर हुसेन उम्मेद्वारीका लागि जनकपुरस्थित निर्वाचन अधिकृतको कार्यालयमा पुगेका थिए । तोकिएको समयभन्दा ढिला गरी आएपछि मनोनयन दर्ता नगरिएको सहायक निर्वाचन अधिकृत पुष्पा झाले बताइन् । प्रदेश २ को प्रदेश सभामा उक्त पार्टीकी सावित्रीदेवी साह सांसद छिन् । केही स्थानीय तहमा पनि उक्त पार्टीले जित हात पारेको थियो ।

## नेकपा केन्द्रीय कमिटी बैठक सऱ्यो

**काठमाडौं/मस–** सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को यही पुस २३ गतेदेखि हुने पूर्वनिर्धारित केन्द्रीय कमिटीको दोस्रो बैठक आगामी माघ १५ गतेका लागि सरेको छ । नेकपाको आइतबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा सम्पन्न सचिवालय बैठकले आगामी माघ ९ गते हुने राष्ट्रियसभाको निर्वाचनको तयारीमा जुट्नुपर्ने भएकाले केन्द्रीय कमिटीको बैठकको मिति सार्ने निर्णय गरेको नेकपाका केन्द्रीय प्रचार विभागका उपप्रमुख एवं प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाले जानकारी दिए ।

विसं २०७५ जेठ ३ गते तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)बीच एकतापछि जारी पार्टीको अन्तरिम विधान-२०७५ मा केन्द्रीय कमिटीको बैठक छ महिनामा एक पटक बस्ने व्यवस्था भए पनि डेढ वर्षपछि नेकपाको केन्द्रीय कमिटीको बैठक बस्न लागेको हो । नेकपाको गत मंङ्सिर २९ देखि पुस ६ गतेसम्म बसेको स्थायी कमिटी बैठकले केन्द्रीय कमिटीको बैठक डाकेको थियो । केन्द्रीय कमिटीको बैठकमा अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'को राजनीतिक प्रतिवेदन, विधान संशोधन, राष्ट्रिय अभियान सञ्चालन योजना र समसामयिक प्रस्ताव रहनेछ । विधानको प्रस्तावनामा परिवर्तनलगायत सचिवालय सदस्य वामदेव गौतमलाई उपाध्यक्ष बनाउने विषय स्थायी कमिटीले अनुमोदन गरेको थियो ।

## स्वास्थ्य शिविरलाई निरन्तरता दिँदै सेना

काठमाडौं/मस- जनता र सेनाबीचको सम्बन्धलाई दरिलो बनाउने उद्देश्यका साथ जनसेवालाई सुक्ष्म रुपमा अगाडि बढाउँदै आएको नेपाली सेनाले हाले प्रदेश २ मा निःशुल्क बृहद् स्वास्थ्य शिविर सम्पन्न गरेको छ । उक्त स्वास्थ्य शिविर मंसिर २७ गतेदेखि पुस ५ गतेसम्म महोत्तरी जिल्लाको सोन्मा गाउँपालिकामा सञ्चालन गरिएको थियो । उक्त स्वास्थ्य शिविरबाट २१ हजारभन्दा बढी नागरिक लाभान्वित भएका थिए ।



स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र नेपाली सेनाद्वारा संयुक्तरूपमा सञ्चालन गरिएको उक्त शिविरमार्फत जुकाको औषधि वितरणदेखि पाँच किलोसम्मको ट्युमर शल्यक्रिया गरी निकालिएको थियो । शिविरमा एक सय ८० जनाको विशेषज्ञ चिकित्सकसहितको स्वास्थ्य टोलीले सेवा प्रदान गरेका थिए । उक्त शिविरमा साना ठूला गरी ३२९ वटा सफलतापूर्वक शल्यक्रिया गरिएको आइतबार सेनाद्वारा काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइयो ।

पत्रकार सम्मेलनमा बोल्दै उक्त शिविरबाट लामो समयदेखि आन्द्रामा प्वाल परेका, जटिल गर्भावस्थामा रहेका, हर्निया भएका र ट्युमरका बिरामीले लाभ लिएको शिविर संयोजक सहायकरथी डा देवेन्द्रबहादुर खत्रीले जानकारी दिए । सेनाले त्यस क्षेत्रका डोम र मुसहर समुदायमा जुकाको औषधि वितरण गर्नुका साथै वस्तीमा लामखुट्टे निरोधक औषधि छिटेको थियो ।

उक्त शिविरमा उपचार गर्न आउने कतिपय बालक बिरामीमा जन्मजात मुटु प्वाल परेको तथा कुपोषणको समस्या भेटिएको पत्रकार सम्मेलनमा जानकारी दिइयो । उक्त क्षेत्रका बिरामीमा महिलामा पाठेघर खस्ने समस्या देखिएको थियो भने पुरुष धेरैमा दम, पित्तथैलीको पत्थरी र हर्निया भेटिएको सहायकरथी डा. खत्रीले बताए ।

सो अवसरमा स्वास्थ्य मन्त्रालयका सहसचिव डा. विकास देवकोटाले भौगोलिक हिसाबले सुगम देखिए पनि शिक्षा र स्वास्थ्यलगायतका कारणले पछि रहेको प्रदेश नं २ का जिल्लामा स्वास्थ्यमा नागरिकको पहुँच विस्तार गर्ने उद्देश्यले शिविर सञ्चालन गरिएको बताए । उक्त शिविरमा सिन्धुली, धनुषा, महोत्तरी र सर्लाहीका अलवा सीमा पारीबाट समेत सर्वसाधारण उपचारका लागि पुगेका थिए । शिविरमा पुरुषको तुलनामा उपचार गर्न आउने महिलाको संख्या बढी थियो ।

प्रतिकुल मौसमका बाबजुद अपेक्षा गरिए भन्दा धेरै बिरामीहरु शिविरमा आएको बताइयो । सेनाको सो कार्यलाई स्थानीय सर्वसाधारणहरुले निकै सह्राना गरेका थिए । उक्त शिविरबाट नागरिक-सैनिक सम्बन्ध विस्तारमा ठूलो योगदान पुगेको ठहर गर्दै उत्साहित भएको सेनाले निकट भविष्यमै नेपालगञ्जक्षेत्रमा पनि यस्तै बृहद् स्वास्थ्य शिविर सञ्चालन गर्ने सोच बनाएको पत्रकार सम्मेलनमा जानकारी दिइयो । स्वास्थ्यमा जनताको पहुँच कम भएको क्षेत्रमा मुलुकका अन्य क्षेत्रमा पनि सेनाले शिविर सञ्चालन गर्दै आएको छ । पत्रकार सम्मेलनमा स्वागत मन्तव्य राख्दै सेनाका प्रवक्ता विज्ञानदेव पाण्डेले प्रधानसेनापति पूर्णचन्द्र थापाको कार्ययोजना अनुसार यसप्रकारको जनहितका कामलाई अगाडि बढाइएको जानकारी दिए ।

## 'गन्हाउने भएर न्याय परिषद्मा बस्दिन'

**काठमाडौं/मस–** न्याय परिषद् सदस्यका लागि सिफारिस भएका लक्ष्मीबहादुर निरालाले न्यायाधीश



नियुक्तिका लागि सिफारिस गर्ने र आचारसंहिता बनाउने ठाउँ न्याय परिषद्मा बसेर सके राम्रो नसके गन्हाउने भएर नबस्ने प्रतिबद्धता व्यक्त गरेका छन् । संसदीय सुनुवाइ समितिमा सुनुवाइका क्रममा निरालाले जीवनको उत्तरार्द्धमा राम्रो काम गरेर देखाउने अवसरका रुपमा आफूले परिषद् सदस्यलाई लिएको सुनाउँदै भने, 'राम्रो काम गरेर केही जस पाऊँ भन्ने लोभ सबैलाई हुन्छ, ममाथि प्रश्न उठ्ने अवस्था आएमा परिषद्बाट बाहिरिन्छु, म गन्हाएर निस्किने छैन ।'

निरालाले जीवनले सन्न्यास लिने बेलामा परिषद्मा गएर सक्दो राम्रो गर्ने प्रयास गर्ने र संविधान र कानूनको दायराभित्र रहेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे । सरकारले न्याय परिषद् सदस्यमा निरालालाई सिफारिस गरेको थियो । समितिले उहाँको नाम सर्वसम्मत अनुमोदन गरेको छ । सरकारले यही पुस ३ गते परिषद्मा सरकारका प्रतिनिधिका रुपमा रहने सदस्यका लागि निरालालाई सिफारिस गरेको थियो ।

शाही शासनकालमा महान्यायाधिवक्ताको भूमिका निर्वाह गरेका निरालाले २०६२/६३ को जनआन्दोलनमा भएको दमनबारे छानविन गर्न बनेको रायमाझी आयोगले अरूलाई सबैलाई दोषी ठहर गरेको तर आफूलाई निर्दोष साबित गरेको जिकिर गर्दै भने, 'शाहीकालमा पनि एक इञ्च दायाँबायाँ नगरी काम गरेको हुनाले मलाई रायमाझी आयोगले निर्दोष साबित गऱ्यो ।'

समितिकासदस्य पूर्णकुमारी सुवेदीले न्यायपालिका अझै सरल र सहज हुन नसकेको हुँदा झन्झटिलो, खर्चिलो र ढिला न्याय पाउने बारम्बारका गुनासालाई कसरी सम्बोधन गर्नुहुन्छ भन्ने प्रश्न राखेकी थिइन् । 'संविधान र कानूनको अन्तिम व्याख्या गर्ने न्यायालय समावेशी हुन सकेको छैन,' समितिका सदस्य अमृता थापा मगरले निरालालाई सोधे, 'न्यायालयप्रति किन निष्ठा र आकर्षण हराउँदै गयो ? संविधानको व्याख्या गर्ने न्यायालयले किन समावेशिताको कुरालाई ध्यान दिँदैन ?'

समितिका सदस्य पुष्पा भुसालले लोकतन्त्रको संरक्षण र संविधानको व्याख्या गर्ने न्यायालयप्रति धेरै गुनासो आउने गरेको हुँदा २०२२ सालदेखि वकालतको क्षेत्रमा काम गरेका व्यक्तित्वले न्यायालयको सुधार गर्नेमा आशावादी रहेको सुनाइन् । समितिका अर्का सदस्य ज्ञानेन्द्रबहादुर कार्कीले जीवनको उत्तरार्द्धमा निरालाले राम्रो काम गर्नेमा विश्वास लिएको र न्यायालयको मूल्यमान्यतालाई उचाइमा पुऱ्याउनेमा आशावादी रहेको धारणा राखेका थिए ।

समितिका सबै सदस्यले निरालाविरुद्ध उजुरी नपर्नुलाई सकारात्मक रुपमा लिएको र अनुभवी भएको हुनाले राम्रो काम गर्ने आशा रहेको सुनाएका थिए । समितिका सभापति लक्ष्मणलाल कर्णले क्षमता र अनभवका आधारमा योग्य देखिएको हुँदा निरालाको नाम सर्वसम्मतले अनुमोदन भएको सार्वजनिक गरेका थिए । सुनुवाइका क्रममा उनले संविधानको कार्यान्वयन गर्ने प्रधानन्यायाधीश आफैं बसेको ठाउँमा परिषद्लाई समावेशी बनाउने कुरामा किन ध्यान जान नसकेको भनी जिज्ञासा राख्दै निरालाको कार्यकालमा संविधानको कार्यान्वयनमा हुनेमा आफूले विश्वास लिएको बताएका थिए ।

## सुडान घोटालाका दोषी भारती रिहा

**काठमाडौं/मस–** राष्ट्रसंघीय मिसनका लागि सुडानमा खटिने नेपाल प्रहरीको सामग्री खरिदमा भ्रष्टचारी ठहर शम्भु भारती रिहा भएका छन् । सर्वोच्च अदालतले उनलाई कारागार बाहिर बसेर मुद्दा लड्न पाउने गरी आदेश दिएपछि उनी थुनामुक्त भएका हुन् । जेल बाहिर बसेर मुद्दा लड्ने सुविधाका लागि भारतीले सर्वोच्चमा पूनरावलोकन निवेदन दिएका थिए ।

सर्वोच्चको सो आदेशपछि भारती डिल्लिबजार कारागारबाट थुनामुक्त भएका हुन् । भारतीलाई सर्वोच्च अदालतले सो काण्डमा दोषी ठहर गरी १४ करोड २० लाख बिगो र जरिवानासहित १ वर्ष जेल सजाय सुनाएको थियो । भारतीलाई २०७६ भदौ १२ गते प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले उनकै निवासबाट पक्राउ गरेको थियो ।

सुरूमा ४० प्रतिशत र सामान डेलिभरी भएपछि ६०



प्रतिशत भुक्तानी दिने शर्त उल्लेख भएकोमा सो शर्त विपरीत 'एस्योर्ड रिक्स कम्पनी'को नाममा भुक्तानी गराएको, करारमा उल्लेख भएको 'आइएसओ स्ट्यान्डर्ड'का सामान हुनुपर्ने प्रावधानहरूलाई संशोधन गरी हटाएको ठहर सर्वोच्चले गरेको थियो । एपिसीमा १२ दशमलव ५ एमएमको हतियार मात्र प्रयोग गर्नुपर्ने मापदण्ड रहेकोमा आपूर्ति भएका १४ दशमलव ५ र ७ दशमलव ६२ एमएमको हतियार जडान गर्ने माउण्ट रहेको, सञ्चार साधन पनि नजोडिएको र एसी उपकरण पनि नरहेको तथा प्रतिवादी भारतीले प्रहरी प्रधान कार्यालयबाट ३ करोड १० लाख ३७ हजार ३ सय ३० रुपैयाँ ७२ पैसा भुक्तानी लिएको दाबीसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको थियो ।

सर्वोच्चले यही प्रकरणमा नेपाल प्रहरीका तीनजना पुर्व आईजिपीलाई पनि दोषी ठहर गरेको थियो । तत्कालीन प्रधानन्यायाधीश शुसिला कार्की र न्यायाधीश विश्वम्भर प्रसाद श्रेष्ठको संयुक्त इजलाशले पुर्व आइजिपीहरु ओमविक्रम राणा, हेमबहादुर गुरुङ र रमेशचन्द्र ठकुरीलाई दोषी ठहर हुने फैसला सुनाएको थियो । कार्की र श्रेष्ठको इजलाशले ओमविक्रम राणालाई २ वर्ष कैद र ५० हजार जरिवाना, गुरुङलाई १ बर्ष कैद र ४० हजार जरिवाना तथा रमेशचन्द्र ठकुरीलाई १ वर्ष कैद र ४० हजार जरिवाना हुने फैसला गरेको थियो ।

## २१ किलो गाँजासहित दुई पक्राउ

**मकवानपुर/मस-** प्रहरीले हेटौँडा उपमहानगरपालिका-१९ नेवारपानीबाट २१ किलो लागुऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेको छ । प्रहरीले मकवानपुरको मनहरी गाउँपालिका-९ का ४० वर्षीय राजकुमार मोक्तान र धनुषाको मुखियापट्टी गाउँपालिका-६ का ४२ वर्षीय अशोककुमार यादवलाई उक्त परिणामको गाँजासहित पक्राउ गरेको हो ।

उनीहरुलाई प्रहरी नायब निरीक्षक राजेशकुमार यादवको कमाण्डमा खटिएको टोलीले गाँजा र बीआर ०६ बीजी ९५१२ नम्बरको भारतीय कारसहित गरेको जनाइएको छ ।

तालिमको सुवर्ण अवसर
Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।
हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori
तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।
HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।
Get your skill for your future carrier
HK
Cleaners/House Keeping/ Laundry man, Room boy
KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
FRONT DESK, RECEPTION
रोजगारी पनि भविष्य पनि
स्वदेशमै होस कि विदेशमा
स्वरोजगार वा वैदेशिक रोजगार
तपाई सीप सिक्नुहोस्
अवसर र उपाय हामी खोजी दिन्छौं ।
NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.
G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108429
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# हाम्रो संस्कृति, हाम्रो सभ्यता

समाजशास्त्रीहरू भन्छन्– कुनै देश, समाज र कालबारे बुझ्नु परे, तत् समाजका कुनै एक नागरिकलाई नियाल्दा पुग्छ । जस्तो– कुनै नेपालीले अर्को देशमा पुग्दा कस्तो गतिविधि देखाउँछन् भन्नेले सिंगो नेपालको परिचय दिन पर्याप्त हुन्छ । नेपाली यस्ता हुँदा रहेछन्, नेपाली उस्ता हुँदा रहेछन् भन्ने टिका टिप्पणी हुने गर्छ । 'भाइस भर्सा', कुनै विदेशी नेपाल आएर देखाउने व्यवहारले हामी उक्त देशबारे अड्कल लगाउँछौं ।

त्यसैले संस्कृतिको धनी देश नेपालको परम्परागत उक्तिहरूले आचारविचारमा बडो ध्यान दिनुपर्ने अर्ती बाड्दै आएको हुनुपर्छ । अहिले पनि सभ्यताबारे बडो चर्चा हुने गर्छ । सामान्य आनीबानीलाई मूल्यांकन र समीक्षा गर्दा सभ्यताको प्रशंग उठाइहाल्छौं । थोरै लेखपढ भएका र तुलनात्मक टाठाबाठा भनिएकाहरूबाट दूरदराजका नागरिकलाई 'असभ्य' भनेर संज्ञा दिइएको पनि सुनिन्छ । दुरदराजका नागरिकले परम्परागत आनीबानी देखाउने भएकाले शहर केन्द्रीत तर, विश्व समाजसँग थोरै नजिक रहेकाहरूले 'असभ्य'को टिप्पणी गरेको हुनुपर्छ । यसमा धेरै दुविधा छैन ।

तर, एक पटक सवैभन्दा बढी सभ्य भनेर प्रचार गरिएको राजधानीको जीवनशैली र आनीबानीबारे सम्झना मात्रै गरौं ! तपाईं सडक क्रस गर्दा कति कुरालाई ध्यान दिनुहुन्छ ? जस्तो– जेब्राक्रस, दुवै दिशातिर कुदिरहेको सवारीको गति र अवस्था, सँगै बाटो काट्ने अन्य मानिसको अवस्था (बुद्ध, बालबालिका, विद्यार्थी लगायत कमजोर नागरिक) लगायत बारे ध्यान दिनुहुन्छ ? यदि, यस्ता सामान्य कुरालाई ध्यान दिनु हुन्न भने तपाईं कसरी सभ्य नागरिक ?

राजधानी सडक साँघुरो छ । फुटपाथको अवस्था राम्रो छैन, उचित ठाउँमा लेन छैन । फोहोर व्यवस्थापनमा सरकार चुकेको होला । तर, स्वयम् तपाई आफ्नो कर्तव्यप्रति सचेत हुनुहुन्छ ? यदि, हुनुहुन्न भने कसरी तपाई सभ्य नागरिक ? सुन्दा र भन्दा सामान्य लागे पनि घरबाट निस्किएर पुनः नफर्किएसम्म तपाईं कति सचेत र इमान्दार देखिनु भएको छ ? कम्तिमा आफैंले आफ्नै गतिविधिबारे समीक्षा गरौं । किनभने, अरूलाई ढाट्ने बानीले स्वयम् आफैंलाई पनि ढाट्छ । त्यो कमजोरी तपाईंको जीवन परिचय बन्छ, सिंगो समाज र देशसँग जोडिन्छ ।

अरूलाई अप्ठ्यारोमा पार्नुको अर्थ आफैंलाई अप्ठ्यारो सिर्जना गर्नु पनि हो । समाजको निमर्म सत्य नै तपाईले अरूलाई साथ दिए मात्रै तपाईले साथ पाउनु हुन्छ । तसर्थ, स-सानो जस्तो लागे पनि हामीले गर्ने आनीबानी गलत छ भने त्यो सुधार्नुको विकल्प रहन्न । नेपाल सरकारले २० लाख पर्यटक भित्र्याउने उद्देश्य सहित मनाइरहेको नेपाल भ्रमण वर्ष–२०२० को समेत राजधानीको आनीबानीसँग जोडिन्छ । अरूलाई असभ्य भन्नु अगाडि एक पटक आफैंलाई नियालौं र समीक्षा गरौं– हाम्रो संस्कृति र सभ्यता कस्तो रहेछ ।

## सामाजिक सञ्जाल



अष्ट्रेलियन प्रमलाई आगो नियन्त्रणमा प्रभावकारी नभएको भनेर मुखैमा गाली गर्दा चुपचाप हाँसेर सुने । हाम्राले सामाजिक सञ्जालमा पनि सुन्न चाहन्नन। अझ मुखैमा भने त छेउछाउ हिंडने काम नगरी राज्यदोहनबाट पेट पालिरहेका हनुमानले छेउको झाडीमा लगेर भकुरीसक्थे होला ।

- रोशन भट्टराई



सूचना प्रविधि विधेयकबारे सत्ता पक्ष त सत्ता पक्ष भइहाल्यो प्रतिपक्ष पनि दह्रो रूपमा उभिई विरोध गर्ला जस्तो छैन । कारण आजको प्रतिपक्ष भोलिको सत्ता पक्ष हो । जनताका बेथिति माथिको प्रहार कुनै पनि मुलधारे पार्टीहरूले हजम गर्न सक्दैनन् । माफिया कालाबजारी संग जो आर्थिक सबलता हुन्छ ।

- काग दाइ



तुलनात्मक रूपमा अरू उमेर समूहका नागरिकहरूप्रति भन्दा जेष्ठ नागरिकप्रति राज्यको दायित्व ज्यादा हुन्छ । वृद्ध भत्ता, नि शुल्क स्वास्थ्य उपचार, मिलन केन्द्र लगायतका जेष्ठ नागरिक लक्षित कार्यहरू सराहनीय छन् ।

- अभिप्राय



पत्रकारले जिल्लामा आउनेजाने पुलिसलाई स्वागत र विदाई किन गर्छ? सिडियोसँग अत्यन्तै मित्रता या दुस्मनी किन हुन्छ ? कतै जानपरे नगरपालिकाको गाडि सित्तैमा किन मिल्छ ? कसैलाई उचाल्न या पछार्ने नियतले समाचार लेख्न मिल्छ ? त्यस्ता रिपोर्टरलाई सम्पादकले चिनेको हुन्नन या नजरअन्दाज गरिदिन्छन् ?

- बिनु सुवेदी

# मानविकीको साख जोगाउन चुनौती



■ खेमराज निरौला

"मानव हरेक विषयको केन्द्रबिन्दुमा रहेको उनीहरूले व्याख्या गरेका छन् । तर, अहिले हाम्रो शिक्षा पद्धतिमा मानविकी पढ्नेभन्दा नाक खुम्च्याउनेहरू बढी भएकाले यसमा कुनै भविष्य छैन । पढिसकेपछि रोजगारी पाउन गाह्रो हुन्छ भन्ने जस्ता नकारात्मक दृष्टिकोणले यसलाई हेर्ने गरिन्छ ।"

त्रिभुवन विश्वविद्यालयको गौरवपूर्ण इतिहास बोकेको मानविकी तथा सामाजिक शास्त्र संकायमा चिन्ताजनक रूपमा विद्यार्थी घटेर संकाय खण्डहर बन्न लागेको तर्फ सर्वत्र चिन्ता र चासो बढेको छ । यो प्रवृत्ति संसारभरका विश्वविद्यालयहरूमा नै व्याप्त रहेको पछिल्ला अध्ययन-अनुसन्धानहरूले देखाएका छन् । विश्वव्यापी रूपमा बढ्दै गएको आतङ्कवाद, अन्ध राष्ट्रवाद, नवउपनिवेशवाद र पुँजीवादले सिर्जना गर्न सक्ने चुनौतीहरूलाई न्यूनीकरण गरी मानवीय मूल्य-मान्यतालाई स्खलित हुनबाट रोक्न मानविकीलाई सशक्त बनाउनुपर्ने आवश्यकता सिर्जना भएको छ । यो अभियानमा मानवतावादीहरू नै बढी सक्रिय र चनाखो भएर लाग्नुपर्ने देखिन्छ । अहिले नेपाललगायत अन्य विकसित मुलुकहरूमा शिक्षा लिने-दिने प्रक्रियालाई अधिक मात्रामा आर्थिक लाभहानिको दृष्टिकोणबाट विश्लेषण गर्न थालिएको छ । मानविकी संकायलाई नियतवश ओझेलमा पारिएको छ । यसले बोकेको मानवतावादलाई अवमूल्यन गरेर मानिसलाई अधिकाधिक भौतिकवादी बनाएको छ ।

कसैले मानविकीको अध्ययनपश्चात् तुरुन्तै प्रतिफल पाइहाल्ने नभए पनि मानिसभित्र रहेको अनेकन सम्भाव्यतालाई प्रस्फुटन गराई एउटा सभ्य र सुसंस्कृत नागरिक बन्न मानविकीले सघाउने कुरा बिर्सनु हुँदैन । मानविकीको ज्ञानको क्षेत्र फराकिलो र अनुसन्धानमूलक छ । यसले नयाँ-नयाँ ज्ञानका क्षेत्र पहिल्याई त्यसलाई विकास र विस्तार गर्न मार्ग प्रशस्त गर्छ । प्राचीन युगदेखि अहिलेको उत्तर-आधुनिक युगसम्म आइपुग्दा मानवीय ज्ञानका क्षेत्रमा भएका उल्लेख्य अनुसन्धान र योगदानलाई आधार बनाई मानवताका न्यूनतम मूल्य-मान्यतालाई आत्मसात् गरी एउटा सुसंस्कृत मानव जगत्को निर्माण गर्नुपर्छ भन्ने मान्यता मानविकीले राख्छ । कला-साहित्य, संस्कृति, दर्शन, तर्कशास्त्र, मनोविज्ञान, अर्थशास्त्र, राजनीतिशास्त्रजस्ता विषयहरूले मानवीय मूल्यमान्यता, परम्परा, संस्कृति एवं मानिसभित्र भएका सम्भाव्यतालाई एकीकृत गराई मानव-मानवबीच एकता गराइदिन्छ । मानविकी विषयहरू पढ्दाको आनन्दको अनुभूति अन्य विषय पढ्दा पाइँदैन । मानिसलाई सिर्जनशील, संवेदनशील, तार्किक एवं कल्पनाशील बनाउन मानविकीले खेल्ने भूमिकालाई बिर्सनु हुँदैन । आजको चरम उपयोगितावादी संस्कृतिको प्रभावले मानविकीका विषयहरू प्रभावहीन बन्दैछन् । पूरै मानविकी मृत्यु शय्यामा छटपटाइरहेको छ ।

अहिले यो अवस्थामा आउनुमा को दोषी छ, अविलम्ब छानबिन गरी यसको आकर्षणलाई पुनर्जीवन, दिलाउन ढिला गर्नु हुँदैन । विश्वविद्यालयको पछिल्ला तथ्यांकहरूले पनि मानविकी संकायका कतिपय विभाग बन्द भइसकेको देखाएको छ भने कतिपयमा अत्यन्तै न्यून विद्यार्थी भर्ना भएका कारण कक्षा सञ्चालन भई दुविधा रहेको छ । यो सबैको दोष देशको उच्च शिक्षाको नीतिनिर्माताले लिनुपर्छ । अन्य संकाय चारवर्षे भइसक्दा मानविकी भने उही पुरानै पाठ्यक्रमअनुरूप तीनवर्षे भई चलाउनुका पछाडिको नियत के हो ? किन विश्वविद्यालयका पदाधिकारीहरू मानविकीको घट्दो साख जोगाउन आतुर देखिँदैनन् ? मानविकीको साख घट्नुमा एउटा/दुईवटा मात्र कारण छैनन् । यसमा सबैको दोष देखिन्छ । समयमा पाठ्यक्रम परिमार्जन नहुनु, शिक्षकलाई पाठ्यक्रमसम्बन्धी अभिमुखीकरण एवं पाठ्यक्रम प्रबोधीकरण नहुनु, पर्याप्त मात्रामा पाठ्यपुस्तक बजारमा नआउनु; तालिम, गोष्ठी, छलफलमा सिकेका कुराहरू कक्षाकोठामा प्रयोग नहुनु र शिक्षण सिकाइमा उही पुरानै पद्धति (व्याख्यान) एवं प्रवचन विधिको प्रयोगले यो संकायप्रति विकर्षण बढ्दो छ ।

मानविकीमा आबद्ध मानिसहरू नै आज यो संकायलाई पूरै बेवास्ता गरेर आर्थिक दृष्टिकोणबाट बढी फाइदा पुग्ने विषयप्रति मोहित भएका देखिन्छन् । विद्यार्थी र अविभावकलाई मानविकीको महत्व र यसमा प्रयुक्त ज्ञानको व्यापकतालाई बुझाउन नसक्दा यसको महत्व क्रमशः घटेको अवस्थामा छ । हामीले मानवतावाद र मानविकी विषयको महत्वलाई छर्लङ्ग पार्न पुनर्जागरण कालमा पश्चिमा जगत्का साहित्यकारहरूले मानवलाई केवल मानवमा मात्र सीमित नराखी उसले एउटा अनन्त सम्भाव्यता बोकेको एउटा पूर्ण मानिसका रूपमा चित्रण गरेको कुरालाई बुझाउन सक्नुपर्छ ।

मानव हरेक विषयको केन्द्रबिन्दुमा रहेको उनीहरूले व्याख्या गरेका छन् । तर, अहिले हाम्रो शिक्षा पद्धतिमा मानविकी पढ्नेभन्दा नाक खुम्च्याउनेहरू बढी भएकाले यसमा कुनै भविष्य छैन । पढिसकेपछि रोजगारी पाउन गाह्रो हुन्छ भन्ने जस्ता नकारात्मक दृष्टिकोणले यसलाई हेर्ने गरिन्छ । तर कुरा त्यस्तो होइन, मानविकीले ज्ञानका हरेक तह र तप्कामा आफ्नो प्रभावलाई पुष्टि गरेको छ । यसको अनुसन्धानको क्षेत्र ज्यादै व्यापक र फराकिलो छ । मानविकी कुनै खास क्षेत्रको खण्डित ज्ञानमा मात्र सीमित छैन । यसले सर्वाङ्गीण पक्षलाई समेटेर एकीकृत ज्ञान प्रदान गरेको विषय छर्लङ्ग छ । हिजोका दिनमा विश्वविद्यालयमा अत्याधिक चाप हुने संकायमा मानविकी पर्थ्यो । तर, जहिलेबाट प्रवीणता प्रमाणपत्रलाई विस्थापन गरेर स्नातकोत्तर तहमा सेमेस्टर प्रणाली लागू गरियो, त्यसपछिका केही वर्षदेखि यो संकाय क्रमशः कमजोर बन्दै गएको छ । यस संकायअन्तर्गतका कतिपय विभाग जस्तै– हिन्दी, इतिहास, भूगोल, संस्कृति, राजनीतिशास्त्र, दर्शनशास्त्र, मानवशास्त्रमा विद्यार्थीको संख्या अत्यन्त न्यून भएर बन्द हुने अवस्थामा पुगेका छन् । विगतमा राष्ट्रका लागि एक सबल र दक्ष जनशक्ति उत्पादन गर्ने निकायका रूपमा रहेको यो संकायको अवस्था यसरी खस्कनु सम्बन्धित पक्षको चिन्ताको विषय बन्नुपर्छ । यसको आकर्षणलाई अक्षुण्ण राख्न नयाँ-नयाँ विषयहरू थपेर होस् वा प्रविधिमैत्री बनाएर होस्, टिकाउनु जरुरी छ ।

मानविकीका कार्यक्रमहरू आज किन यतिसाह्रो उपेक्षित र आकर्षकविहीन बन्न पुगेका छन्, यस विषयमा गम्भीर बहस र छलफल चलाई उपयुक्त निर्णय लिनुपर्छ । त्रि.वि. व्यवस्थापकीय पक्ष र प्रशासनिक पक्षले पनि यो विषयलाई गम्भीर रूपमा लिई अघि बढ्नुपर्ने देखिन्छ । मानविकी संकायअन्तर्गत भर्ना हुन आउने विद्यार्थीहरूका लागि सानो-ठूलो जस्तो भए पनि आकर्षक छात्रवृत्तिको व्यवस्था गरेर पनि विद्यार्थी संख्या बढाउन सकिन्छ । सोध-अनुसन्धान एवं समय-समयमा पुनर्ताजगीकरणका लागि तालिम, गोष्ठी, सेमिनार एवं अध्ययन-अवलोकनजस्ता नवप्रर्वतनात्मक गतिविधिबाट पनि थप मद्दत पुग्न सक्छ । निश्चित शैक्षिक उपाधि प्राप्त गरे तापनि रोजगारीका अवसर कम प्राप्त हुने हुँदा विद्यार्थी तथा अभिभावकको रुचि अन्यत्र मोडिने हुँदा पनि यो संकाय उपेक्षित बन्न पुगेको छ ।

विश्वविद्यालयको कुनै पनि एउटा पुरानो संकाय विद्यार्थी अभाव र आवश्यक व्यवस्थापनको कमजोरीका कारण मृत्य सय्यामा पुग्नु भनेको त्यस संस्थासँग सम्बन्धित पाठ्यक्रम निर्माता, विषय विज्ञ, शिक्षण सिकाइ एवं क्रियाकलाप सरकारको शैक्षिक नीति नै दोषी देखिन्छ । तसर्थ, निष्कर्षमा के भन्न सकिन्छ भने समग्र त्रि.वि. नै अस्तव्यस्त भइरहेका बेला कुनै एउटा संकाय विशेषलाई मात्र महत्व दिनु सान्दर्भिक नहोला, तर पनि राष्ट्रिय मानव संसाधन उत्पादनको क्षेत्रमा मानविकीले खेलेको अहम् भूमिकालाई भने बिर्सन सकिँदैन । नियमनकारी निकाय प्रभावकारी उपस्थितिबिना कुनै पनि सुधार सम्भव भने हुँदैन । वास्तवमा कुनै समय विश्वविद्यालय तथा क्याम्पसहरूमा भर्ना पाउन पनि गाह्रो पर्ने विभाग आजसम्म आइपुग्दा किन यस्तो दयनीय अवस्थामा पुग्यो, देशका शैक्षिक योजनाविद्हरूले गम्भीर भएर सोच्ने बेला आएको छ ।

कला, संस्कृति, अर्थ राजनीति, दर्शन, समाजशास्त्र, मानवशास्त्रजस्ता बहुआयामिक महत्वका क्षेत्रहरू समेटिएको संकाय विद्यार्थी खोज्नुपर्ने अवस्थामा पुग्नु दुःखद छ । मानविकी नै त्यस्तो एउटा संकाय हो जसले मानवभित्र रहेको मानवतालाई बुझेर समकालीन समाजमा आफूलाई सामन्जस्यपूर्ण जीवन जिउन सक्षम बनाउँछ । अहिले हाम्रा विश्व विद्यालयहरूको मानविकी संकायका विभिन्न विभागमा विद्यार्थीभन्दा प्रोफेसरहरू बढी छन् ।

पठन संस्कृति विल्कुलै पुरानो छ, प्रविधिमैत्री छैन, पुरानै पाठ्यक्रमबाट अध्ययन-अध्यापन गराइराख्नुमा विश्वविद्यालयकै नियतमा खोट देखिन्छ । त्यसैले पनि मानविकीको बहुआयामिक महत्वलाई जोगाइराख्न दृढ इच्छाशक्तिका साथ देशको बौद्धिक वर्गले दबाब दिनु जरुरी छ । मानविकीको महत्व र यसको गहिराई त्यसले मात्र राम्रोसँग बुझ्न सक्छ जसले यसलाई नजिकबाट अध्ययन अनुसन्धान गरेको छ ।

# १० खर्बको होटल उद्योग र पर्यटनको अपेक्षा



निनाम कुलुङ 'मंगले'

लगभग एक वर्षअघि आएको समाचारअनुसार नेपालको होटल उद्योगमा लगभग १० खर्ब लगानी भइसकेको छ । त्यो आधारमा हेर्दा हाल १३ खर्बभन्दा बढी नै नेपालको होटल उद्योगमा लगानी भैसकेको हुनुपर्छ । हुन पनि कैलाली जिल्लाको धनगढीलगायत विभिन्न स्थानमा मात्रै होटल उद्योगमा ८ अर्बभन्दा बढी लगानी भएको भनी केही दिनअघि समाचार आएको छ ।

त्यस्तै सन् २०१८ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले मुस्ताङ जिल्लामा रहेको हिन्दूहरूको प्रसिद्ध तीर्थस्थल मुक्तिनाथको भ्रमण गरेपछि हिन्दूहरूको प्रसिद्ध तीर्थस्थल मुक्तिनाथको भ्रमण गर्ने भारतीय पर्यटकहरूको घुइँचो लाग्न थालेको छ । यसरी भारतीयलगायत अन्य देशका पर्यटकहरूको चाप बढ्न थालेपछि हाल मुस्ताङ जिल्लाको मुक्तिनाथलगायत माथिल्लो मुस्ताङ क्षेत्रमा समेत नयाँ होटल खुल्ने क्रम बढेको छ ।

हुन पनि सन् १९९३/९४ तिर यो पंक्तिकार भरियाका रूपमा पहिलो पटक थोराङपास जाँदा मुक्तिनाथमा दुईवटा मात्रै होटल देखेको थियो । त्यसो त थोराङपास मात्रै नभएर नेपालका प्रायः सबै ट्रेकिङ रुटमा त्यो बेला होटल वा लज उपलब्ध नभएकैले क्याम्पिङ ट्रेक गर्ने प्रचलन थियो । त्यो बेला मुक्तिनाथ दर्शन गर्न आउने भारतीय र नेपाली हिन्दू तीर्थयात्रीहरू पाटी, पौवा वा भनौं धर्मशालामा बास बस्थे भने युरोप, अमेरिकालगायत विकशित देशका पदयात्रीहरू क्याम्पिङ (पाल टाँगेर) गरेर बस्थे ।

यसरी हेर्दा गत वर्षको तथ्यांकअनुसार मात्रै पनि नेपालले वार्षिक २५ लाख विदेशी पर्यटकहरू धान्न सक्ने बेड क्षमता रहेको छ । यसबीचको एक वर्षमा केही नभए तापनि १०/१२ हजार बेड क्षमता बढेको हुन सक्छ । यसरी हाम्रो देश नेपालमा होटल उद्योगले अपेक्षितभन्दा छिटोछिटो गति लिएको मान्न सकिन्छ । तर, त्यही अनुसार विदेशी पर्यटकहरू नेपाल भ्रमणमा आएनन् भने होटल उद्योगले नाफा कमाउने त कता हो कता सञ्चालन खर्चसमेत उठाउन कठिन पर्ने देखिन्छ । त्यसमाथि 'होस्टेल' र 'होम स्टे' ठूला व भनौं तारे होटलहरूका लागि प्रतिस्पर्धी रहेको देखिन्छ । यसरी हेर्दा काठमाडौंजस्तो सुविधा सम्पन्न क्षेत्रमै 'होस्टेल' र 'होम स्टे' चलाउन दिनु हुँदैन भन्ने ठूला व भनौं तारे होटलका सञ्चालकहरूले राखेको मागलाई पनि सम्बोधन गर्ने हो कि ? यसतर्फ सरकारको मातहतमा रहेको निकायले सोच्नुपर्ने देखिन्छ ।

अहिले नेपालमा १४ वटा त पाँचतारे होटल मात्रै सञ्चालनमा आएका छन् । त्यस्तै चारतारे होटलको संख्या ८ छ भने तीनतारे होटल ३७ वटा छन् । उता दुईतारे होटलको संख्या पनि ४३ छ । उता एकतारे होटलको संख्या ३३ छ भने पर्यटकस्तरीय होटलको संख्या ५ सय ७ रहेको छ । यो होमस्टे र होस्टलबाहेकको संख्या हो ।



होटल सञ्चालकहरूको संस्था (हान) ले दिएको जानकारीअनुसार अरू तीन-चारवटा ठूला होटलहरू बन्दैछन् । हुन त यसरी पाँचतारे होटल बढ्ने क्रममा छ भने एकताका दक्षिण एसियाकै उत्कृष्ट होटल भनी चर्चामा आएको फूलबारी रिसोर्ट र एभरेस्ट होटल बन्द अवस्थामा छ ।

बन्द भएका होटलहरूको कुरो गर्दा होटेल शेर्पा, होटल काठमाडौं, ब्ल्यू स्टार, नारायणीलगायत धेरै होटल विगतमा बन्द भएका थिए, तापनि त्यसरी बन्द भएका होटलमध्ये दक्षिण एसियाकै उत्कृष्ट होटल भनी चर्चामा आएको फूलबारी रिसोर्ट र एभरेस्ट होटल फेरि खुल्ने भनी कहिलेकाहीं समाचार आउने गरेको छ । तापनि हालसम्म आधिकारिक रूपमा ती होटलहरू खुले-नखुलेको समाचार आएको छैन । आशा गरौं, ती होटलहरू छिटै खुल्नेछन् ।

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

## ट्रम्पको चेतावनी

# 'इरानको ५२ ठाउँमा आक्रमण गर्छु'



**वासिङ्टन/एजेन्सी–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई गम्भीर धम्की दिएका छन् । सुलेमानीको हत्या युद्धको शुरुवातका लागि नभई अन्त्यका लागि गरेको दाबी गरेका ट्रम्पले पछिल्लो पटक इरानलाई गम्भीर धम्की दिँदै कुनै पनि अमेरिकी नागरिक वा अमेरिकी सम्पत्तिमाथि क्षति गरेमा त्यसको परिणाम भयावह हुने बताएका छन् ।

अमेरिकाले इरानका ५२ क्षेत्रलाई आफ्नो निशानामा राखेको र अमेरिका विरोधी गतिविधि भएमा तत्कालनै अति तीव्र र अति घातक आक्रमण गर्ने ट्रम्पले चेतावनी दिएका छन् । मेजर जनरल सुलेमानीको हत्याको बदला लिने बताएका अलि खामेनीको धम्कीको जवाफ ट्रम्पले ट्वीटमार्फत् दिएका हुन् । उनले ट्वीट गरेर अमेरिकाले इरान र इरानी संस्कृतिका लागि अति महत्वपूर्ण रहेका ५२ क्षेत्र पहिचान गरेको र अमेरिका विरोधी गतिविधि भएमा लगत्तै तीव्र गतिमा अति घातक आक्रमण गर्ने चेतावनी दिएका छन् ।

अमेरिकाले अब कुनै पनि किसिमको धम्की नचाहेको ट्रम्पले ट्वीटमा उल्लेख गरेका छन् । राष्ट्रपति ट्रम्पले ५२ क्षेत्रहरु इरानले सन् १९७९ यता बन्धक बनाएका ५२ अमेरिकीलाई प्रतिनिधित्व गर्नेगरी पहिचान गरिएको र निशानामा राखिएको बताएका छन् । घटनापछि अमेरिकाले इराकमा थप ३५ सय सैनिक तैनाथ गरेको छ । अमेरिकी राष्ट्रपति ट्रम्पले दिएको धम्कीमा इरानी संस्कृतिका लागि महत्वपूर्ण क्षेत्र निशानामा रहेको बताइनुले अबको निशाना इरानी सैनिक, नेतृत्व वा अर्थतन्त्रमात्र नभइ समग्र सभ्यता नै रहेको स्पष्ट हुने विश्लेषकले बताएका छन् । यसले गर्दा तनाव थप उच्च हुने र युद्धको अवस्था आउन सक्ने भन्दै चिन्ता व्यक्त गरिएको छ ।

गत शुक्रबार अमेरिकाले गरेको हवाइ आक्रमणमा इरानका कमाण्डर कासिम सुलेमानीको मृत्यु भएपछि मध्य पूर्वमा तनाव उच्च बन्दै गएको छ । अमेरिका र इरानले एकअर्कालाई पालैपालो गम्भीर धम्की दिइरहेका छन् । इरानी विशिष्ट सैन्य दस्ता कुड्स फोर्सका प्रमुख सुलेमानीको शुक्रबार अमेरिकाले इराकको राजधानी बग्दादमा रहेको विमानस्थल नजिकै गरेको हवाई आक्रमणमा मृत्यु भएको हो । विमानस्थलबाट बाहिरिने क्रममा सुलेमानी आक्रमणमा परेका हुन् र उनको मृत्यु भएको हो ।

त्यसपछि इरानका सर्वोच्च नेता अलि खामेनीले उनको मृत्युका कारकहरुसँग कठोर बदला लिने धम्की दिए । उनको धम्की स्पष्ट रुपमा अमेरिका र इजरायलतर्फ लक्षित थियो । घटनाक्रम विकास हुँदै जाँदा शनिबार इराकको राजधानी बग्दादमा सुलेमानीको अन्तिम बिदाईको तयारी भइरहेको थियो । सोही क्रममा बग्दादस्थित अमेरिकी दूतावासको ग्रिन जोन तथा उत्तरी बग्दादमा अमेरिकी सैनिकको आवास क्षेत्र लक्षित गरी बम आक्रमण भएका छन् ।

# डढेलोले भयानक रुप लिँदै



**सिड्नी/एजेन्सी–** अष्ट्रेलियामा अहिले डढेलोको खतरा अत्यधिक बढ्दै गएको छ । गत सेप्टेम्बरदेखि लागेको यो डढेलोले मानिस र जनावरलाई भयानक रुपमा प्रभावित पारेको छ । यहाँ करिब ५० करोड जनावर र पंक्षीहरुको मृत्यु भइसकेको छ । चार महिनापछि पनि अष्ट्रेलियाको जंगलमा लागेको डढेलो नियन्त्रणमा आउन सकेको छैन ।

युनिभर्सिटी अफ सिड्नीको इकोलोजिस्टले अहिलेसम्म ५० करोड जनावर डढेको जानकारी दिएको छ । यसमा स्तनधारी पशुपंक्षीका साथै घस्रने जनावर पनि समावेश छन् । यस्तै एक नयाँ जानकारी सार्वजनिक भएको छ । न्यू साउथ वेल्स रुरल फायर सर्भिस (आरएफएम) ले जंगलको डढेलोका कारण नावरा नजिकैको उत्तरी किनारमा आफ्नै मौसम प्रणाली विकसित भएको बताएको । यसलाई आरएफएसले निकै नै खतरनाक स्थिति बताएको छ ।

यो डढेलो अष्ट्रेलियाको भिक्टोरिया र न्यू साउथ वेल्सको तटीय इलाकामा सबैभन्दा धेरै फैलिएको छ । आगलागीका कारण हावा र विषालु धुँवाका कारण पूर्वी तटमा रहेको इलाकामा जीवनयापन निकै मुश्किल भएको छ । मानिसहरु घर छोडेर भागिरहेका छन् । मृतकको संख्या लगातार बढिरहेको छ । अष्ट्रेलिया सरकारले थुप्रै इलाकामा संकटकालको घोषणा गरेको छ । भिक्टोरियाको स्थिती थप भयानक छ । शनिबार तीब्र गतिको हावाका कारण आगो थप फैलिएको छ । बढ्दो तापक्रमका कारण अग्नी नियन्त्रणमा खटेका समूहले ठूलो समस्या व्यहोर्नुपरेको छ । थुप्रै स्थानमा तापक्रम ४५ देखि ४७ डिग्रीसम्म पुगेको छ ।

मौसम विभागका अनुसार हावाले थप आगो फैलाइरहेको छ । यसबाट आउने धुँवाले उद्दारकार्यमा बाधा पुर्याइरहेको छ । आगोका कारण हज्जारौं मानिसहरु घर शहर छोडेर शरणार्थीको रुपमा बस्न बाध्य छन् । न्यू साउथ वेल्सको मध्य-उत्तरी इलाकामा सबैभन्दा धेरै जनावरको बसोबास छ । तर जंगलमा लागेको आगोका कारण उनीहरुको जनसंख्यामा भारी गिरावट आएको छ । आगोले २ सय बढी घरमा पनि क्षती पुगेको छ । थुप्रै मानिसहरु अहिले पनि आगोबाट प्रभावित क्षेत्रमा बसिरहेका छन् । उक्त डढेलोले अहिलेसम्म १८ जनाको ज्यान लिइसकिएको बताइएको छ ।

यसैबीच अष्ट्रेलियामा भएको आगलागीका कारण उडेको धुवाँको मुस्लो न्युजिल्याण्डसम्म पुगेको छ । डढेलोका कारण उठेको धुवाँको मुस्लोले न्युजिल्याण्डको अकल्याण्ड शहरको आकाश ढाकेको अधिकारीहरुले आइतबार बताएका छन् । न्युजिल्याण्डको जलवायु तथा मौसम विभागले तास्मान सामुद्रिक क्षेत्र हुँदै मुस्लो न्युजिल्याण्डतर्फ आएको जनाएको छ ।

अष्ट्रेलियाको आगलागीबाट मुस्लो आएको यो दोस्रो पटक भएको न्युजिल्याण्डका अधिकारीहरुले जनाएका छन् । मुस्लोले उत्तरी आइसल्याण्ड र दक्षिणी आइसल्याण्डको माथिल्लो भागलाई पनि ढाकेको अधिकारीहरुले जनाएका छन् । त्यस क्षेत्रका बासिन्दाले धुँवाको गन्ध थाहा पाउने अवस्था रहेको मौसम विभागका अधिकारीहरुको भनाइ छ । यसले दीर्घकालीन असर भने नपर्ने बताइएको छ ।

# २०२० का सम्भावित विश्वघटना

**काठमाडौं/रासस–** सन् २०१९ को विदाइपछि नयाँ वर्ष सन् २०२० आएसँगै यसवर्ष केही सम्भावित विश्व घटनाका बारेमा चर्चा शुरु भइसकेको छ । अघिल्लो वर्षमा शुरुभएका कतिपय घटना यस वर्ष टुंगो लाग्नुपर्ने अवस्थामा छन् भने कतिपय घटनाहरु यस वर्ष दिर्घकालीन महत्व र अन्तर्राष्ट्रिय चर्चामा समेत रहने देखिन्छ । यस वर्ष हुनसक्ने केही सम्भावित विश्वचर्चित घटनाक्रमहरुको बारेमा यहाँ छोटो चर्चा गरिएको छ ।

**ब्रेजिक्टको टुंगो लाग्ने**

लामो समयदेखि चर्चा र विवादमा रहेको ब्रेजिक्टको यस वर्ष टुंगो लाग्ने भएको छ । हालै गठन भएको नयाँ सरकारले यही जनवरी ३१ मा बेलायतलाई इयूबाट अलग्याउने गृहकार्य गरिरहेको छ । बेलायत युरोपेली संघ (ईयू) बाट बाहिरिने या रहने भन्ने बारेमा विवाद र अन्यौल भइरहेका बेला गत वर्ष भएको निर्वाचनमा बाहिर निस्किने पक्षको दलले जनादेश सहितको बहुमत पाएपछि अहिलेको सरकार ब्रेजिक्टको लागि गृहकार्यमा जुटेको हो । तत्कालिन प्रधानमन्त्री थेरेसा मेले बहुमत गुमाएपछि अन्तरिम प्रधानमन्त्री हुदै नयाँ निर्वाचित प्रधानमन्त्री बन्नु भएका बोरिस जोनसनले आफ्नो कन्जरभेटिभ्स् पार्टीका सबै सांसदहरुबाट धोका नपाएमा ब्रेजिक्टको टुंगो लाग्ने देखिन्छ ।

**ट्रम्प विरुद्धको महाभियोगको फैसला हुने**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प विरुद्ध तल्लो सदनबाट पारित भएको महाअभियोगको प्रस्तावमाथि माथिल्लो सदन सिनेटमा मतदान हुने भएको छ । सिनेटबाट पनि महाअभियोग प्रस्ताव पारित भएमा ट्रम्पको पद गुम्नेछ । सिनेटका एक सय सिटमध्ये हाल रिपब्लिकनका ५३ र डेमोर्क्याटका ४५ जनामात्र सदस्य छन् । अनि दुइ जना स्वतन्त्र हैसियतका सिनेटर छन् । तर उनीमाथिको महाभियोगका लागि दुई तिहाई संख्या अर्थात् ६७ जना सिनेटर आवश्यक पर्दछ । त्यसैले महाअभियोग प्रस्ताव पारित हुने सम्भावना कम देखिएको छ । तल्लो सदनमा भएको मतदानका क्रममा सबै सांसदले पार्टीको लाइनअनुसार नै मतदान गरेकाले माथिल्लो सदनमा पनि त्यस्तै भएमा ट्रम्प महाअभियोग लाग्नबाट बच्नेछन् ।

यसको अन्तिम किनारा लाग्नेगरी मतदान यही जनवरी महिनामा हुने अपेक्षा गरिएपनि तय भने भइसकेको छैन । तल्लो सदन हाउस अफ् रेप्रिजेन्टेटिभ्सले राष्ट्रपति ट्रम्पले शक्तिको दुरुपयोग गरेको र कंग्रेसलाई अवरुद्ध गरेको भन्दै महाभियोगको पक्षमा मतदान गरेको हो । तल्लो सदनमा ट्रम्पलाई महाभियोग लगाउने पक्षमा २३० र विपक्षमा १९७ मत खसेको थियो । यसरी महाअभियोग लगाउने प्रस्ताव गरिएका अमेरिकी राष्ट्रपतिहरु मध्ये उनी तेस्रो राष्ट्रपति भएका छन् ।

**अमेरिका र उत्तर कोरिया सम्भावित वार्ता**

सम्बन्ध सुधारको प्रयासमा रहेका उत्तर कोरिया र अमेरिकाको सम्बन्धले कस्तो मोड लिन्छ होला भन्ने जिज्ञासा सन् २०२० मा पनि उठिरहने देखिएको छ । नाटकीय तरिकाले कहिले सम्बन्ध सुध्रेजस्तो हुने र कहिले कठोर सत्रुजस्तो देखिने यी दुई देशको सम्बन्ध सर्वाधिक चासोकै केन्द्रमा रहने गरेको छ । कुनै बेला एक अर्कालाई प्रमुख दुश्मन मान्ने यी देशहरुले विश्वलाई नै चकित पार्दै सन् २०१८ मा पहिलो पटक र सन् २०१९ मा दुई ओटा शिखर बैठक गरेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाका सर्वोच्च नेता किम जोन उनको शिखर बैठक यस वर्ष पनि हुने अपेक्षा गरिएको छ ।

**मुसर्रफलाई मृत्युदण्डको फैसला**

पाकिस्तानका पूर्वराष्ट्रपति परवेज मुसर्रफलाई मृत्युदण्डको फैसलाको विषयले यस वर्ष पनि चर्चा पाउने देखिन्छ । अदालतको फैसलाप्रति धेरैतिरबाट नकारात्मक टिप्पणी भएको र देशकै सेनाले समेत असन्तुष्टी जनाएले यो विषयले सन् २०२० मा नयाँ मोड लिनसक्ने देखिएको छ । यस फैसलाका विरुद्धमा उनले अपिल गर्नुहुने चर्चा शुरु भइसकेको छ ।

त्यस्तै अर्को अदालतले यस विषयमा के फैसला गर्ला भन्ने चर्चा पनि रहन्छ र यदि अर्को अदालतले पनि मृत्युदण्डकै फैसला गर्यो भने पनि त्यस विषयले झनै चर्चा पाउने छ । उनलाई मृत्युदण्ड नै दिने काम भयो भने पनि त्यस घटनाको चर्चा विश्वव्यापी हुनेमा आशंका रहँदैन ।

# हवाई आक्रमणमा परी २८ विद्यार्थी मारिए



**त्रिपोली/एजेन्सी–** लिबियाको राजधानी त्रिपोलीमा रहेको एउटा शैक्षिक संस्थामा भएको हवाई आक्रमणमा परी २८ विद्यार्थी मारिएका छन् । शनिबार अबेर यहाँस्थित सैनिक विद्यालयमा भएको उक्त आक्रमणमा परी ती विद्यार्थी मारिएका बताइएको छ । सो आक्रमणबाट अरु १८ जना घाइते भएका पनि सुरक्षा अधिकारीहरुले जानकारी दिएका छन् ।

'प्रारम्भीक विवरणअनुसार घटनामा परी २८ विद्यार्थी मारिएका छन्, अरु १८ जना घाइते भएका छन्,' लिबियाको एक सरकारी निकायले जारी गरेको वक्तव्यमा जनाइएको छ । संयुक्त राष्ट्रसंघको सहयोगमा रहेको लिबियाली सरकारले प्रकाशन गरेको सो वक्तव्यमा विदेशी हवाई सुरक्षा बलले सो हवाई आक्रमण गरेको जनाइएको छ । उक्त सैन्य बलले त्रिपोलीमा सञ्चालनमा रहेको एक सैन्य विद्यालयलमा नै आक्रमण गरेको बताइएको छ । त्यो विद्यालयलाई लक्ष्य बनाइनुको कारण के हो भन्ने बारेमा केही थाहा भएको छैन ।

राष्ट्रसंघ समर्थित सुरक्षा फौजले आफ्नो आधिकारीक फेसबुक पेजमा मृत्यु भएका र घाइते भएका विद्यार्थीहरुको फोटो पोष्ट गरेको छ । घटनाका बारेमा अहिलेसम्म कसैले पनि जिम्मेवारी लिएको छैन । लिबियामा चलिरहेको द्वन्द्वका कारण हजारौंको मृत्यु भएको छ भने लाखौं विस्थापित भएका छन् ।


## मलेसियामा वैदेशिक रोजगार | कम्पनी: POREX TECHNOLOGIES SDN BHD

शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/०९/२० चलानी नं.: ६०१४९५५८ LT. No.: 230373

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 25 | 0 | स. काममा दक्ष | 1100 | ३०,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा पुस २८ गते (13 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Baby Star International Pvt. Ltd.**

Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4492613, 4494173, Fax: 4494173

Gov. Lic No. 1081/073/074 Mob.: 9801057543, 9851201769, 9813599770, 9851041565, Email: babystar149@gmail.com, Web.: www.babystar.com.np

## UAE र SAUDI मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: POWER PLUS SECURITY SERVICES LLC शहर: UAE

पूर्व स्वीकृत मिति: २०७६/०९/११ चलानी नं.: ६०१४९११९ LT. No.: 229697

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Administrative Manager | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ६२,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Manager | 1 | 0 | | 3000 | ९३,६०० | | | | | | | |
| 3. | Security Guard | 15 | 0 | | 1200 | ३७,४४० | | | | | | | |
| 4. | Light Vechicle Driver | 1 | 0 | | 2500 | ७८,००० | | | | | | | |

२. कम्पनी: TRADITION INTERNATIONAL LLC शहर: ABU DHABI

पूर्व स्वीकृत मिति: २०७६/०९/१५ चलानी नं.: ६०१४९३७१ LT. No.: 230321

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Dressmaker | 7 | 0 | | 1200 | ३७,४४० | | | | | | | |

३. कम्पनी: SHAMS AL-HUDA CONT. EST. शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/०९/१५ चलानी नं.: ६०१४९३७० LT. No.: 229084

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Labour | 1 | 0 | स. काममा दक्ष | 1200 | ३६,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा पुस २८, २९ र माघ १ गते (13, 14 & 15 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफनो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Empire International Pvt. Ltd.** Lic. No. 695/063/064

Shantinagar, Kathmandu, Nepal, Phone No.: 4621348, 9864224814

## साउदीमा रोजगार | कम्पनी : ARSHED BIN ESSA BIN ALI ALATEQ COMMERCIAL STORE

शहर: DAMMAM

पुर्व स्वीकृत मिति: २०७६/०९/२० चलानी नं.: ६०१४९५६४ LT. No.: 230088

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३०,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा पुस २८ गते (13 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफनो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**A.S. International Group Pvt. ltd.**

Gov. lic. No. 1155/073/74 Samakhusi-26, Kathmandu, Nepal, Tel: 01-4020181/4020182

Email- asintldemand@gmail.com

## साउदी अरबमा वैदशिक रोजगारको अवसर

कम्पनी: NAPCO CONSUMER PRODUCTS CO. BRANCH OF NAPCO NATIONAL शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७४/१२/०९ पून स्वीकृत मिति: २०७६/०९/२० चलानी नं.: ६०१२८७१२ पून चलानी नं.: ५६३ L.T. No.: 207787

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 14 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २४,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Whole Vehicle Driver | 1 | 0 | | 1900 | ५८,०२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ४ गते (18 Jan. 2020) मा होटल लण्डन मोरङ, इटहरीमा माघ २ गते (16 Jan. 2020) मा सेन्टर पोइन्ट पार्टी प्यालेस विर्तामोड, झापामा माघ ३ गते (17 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफनो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अन्जुलिमा इन्टरनेशनल प्रा. लि.** ANJULIMA INT'L People. Factor. Perspective

श्रम इजाजत नं. ७७४/०६५/०६६

पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोन: ४४७३१००, ४४७३३००

फ्याक्स: ४४७२६००, मो: ९८१३५४८४७२, ९८४९८१५४१५, पोखरा : ९८४६०२६२९१, ९८४९८३१०३३

Email: info@anjulimaintl.com|Web: www.anjulimaintl.com

## QATAR मा रोजगार | कम्पनी: DUBAI MAINTENANCE.

शहर: QATAR

पूर्व स्वीकृत मिति: २०७६/०९/२० चलानी नं.: ६०१४९५६३ LT. No.: 230314

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper/ Labour | 2 | 0 | स. काममा दक्ष | 900 | २८,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा पुस २८ गते (13 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफनो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**डिभाईन इन्साईट ओभरसिज प्रा. लि.**

धुम्बाराही (टेनिस्कोर्ट पछाडी), (श्रम इजाजत नं. ९६४/०६७/०६८)

फोन: ४३७६१५९, ९८०३१०१६५७, ९८१३४०१२२२

# बक्स अफिस समाचार

## कामना अवार्डमा प्रसादको वर्चस्व



मध्यान्ह संवाददाता
काठमाडौं, पुस २०

'कामना फिल्म अवार्डस् २०७६' सम्पन्न भएको छ । नेपाली फिल्म र फिल्मकर्मीको सम्मानमा सिजी इन्टरटेनमेन्टसँगको सहकार्यमा कामना मासिकले प्रत्येक वर्ष आयोजना गर्दै आएको 'सिजी कामना फिल्म अवार्ड'को पाँचौ संस्करण शनिबार अबेर साँझ ललितपुरस्थित हेरिटेज गार्डेनमा सम्पन्न भएको हो ।

सो अवार्ड कार्यक्रममा फिल्म 'प्रसाद'ले आफ्नो वर्चस्व जमाएको छ । फिल्मले उत्कृष्ट फिल्म, अभिनेता, अभिनेत्री, निर्देशन र पटकथा समेत गरेर ५ विधामा अवार्ड हात पारेको छ । 'प्रसाद'बाट अभिनेतामा बिपिन कार्की, अभिनेत्रीमा नम्रता श्रेष्ठ, निर्देशकमा दिनेश राउत, पटकथा तर्फ सुशिल पौडेलले अवार्ड प्राप्त गरेका थिए । तर अभिनेता बिपिन कार्की, अभिनेत्री नम्रता श्रेष्ठ, निर्देशक दिनेश राउत भने अवार्ड थाप्न आएनन् ।

प्रतिस्पर्धात्मक २६ विधा र अन्य ९ गरी कुल ३५ विधामा अवार्ड प्रदान गरिएको समारोहमा लोकप्रिय १४ विधामा भोटिङको व्यवस्था गरिएको थियो । जसमा जुरीको ९० र भोटीङको १० प्रतिशत अंक जोडीएको आयोजकले जानकारी दियो । अवार्ड समारोहमा स्वस्तिमा खड्काले पब्लिक च्वाईस अवार्ड पाइन् भने फिल्म 'साइँली'बाट दयाहाङ राईले सह-अभिनेताको अवार्ड र फिल्म 'नाईं नभन्नू ल ५' बाट प्रियंका कार्कीले सह-अभिनेत्रीको अवार्ड हात पारे । त्यस्तै फिल्म 'बोबी' बाट उमेश थापा नव-नायक र 'ए मेरो हजुर ३' बाट सुहाना थापाले नव-अभिनेत्रीको अवार्ड जिते ।

'पुस्करलाल मिडिया अवार्ड'बाट आर. के मानन्धर सम्मानित भएको अवार्ड समारोह गीत, संगीत, नृत्य र ठट्यौलीजस्ता विभिन्न मनोरञ्जनात्मक प्रस्तुतिका साथमा आयोजना भएको थियो । शनिबार उपत्यकामा देखिएको चिसोको मौसमका बावजूद पनि अवार्ड समरोहमा सहभागी हुन भुवन केसी, नीर शाह, करिश्मा मानन्धर, रमेश उप्रेती, दीपाश्री निरौला, पूजा शर्मा, पल शाह, सेड्रिना शर्मा, हरिहर शर्मा, मिथिला शर्मा, निर्मल शर्मा, गौरी मल्ललगायत थुप्रै नयाँ, पुराना, हिट फ्लप कलाकलार पुगेका थिए । अवार्ड समारोहको सुरुवात अभिनेता राजेश हमालले गरेका थिए ।

यसैबीच समारोहमा नायक भुवन केसीले लाइभ गीत पनि प्रस्तुत गरेका थिए । उनले रकस्टार शैलीमा स्टेजमा ब्यान्डसहित इन्ट्री लिएका थिए । अवार्ड कार्यक्रममा प्रायः नृत्य प्रस्तुत गर्ने उनी 'कामना अवार्ड' भने पहिलो पटक लाइभ गीत गाउन स्टेज चढेका थिए ।

कहिल्यै लाइभ ब्यान्डमा प्रस्तुती नदिएका उनी सुरुमा केही नर्भस देखिन्थे । अवार्ड समारोहमा उपस्थित दर्शकलाई सम्बोधन गर्दै उनले आफ्नो गीत 'जागे सारा रात' आफ्नै अन्दाजमा सुनाए । पर्दाको हिरोको स्वर प्रोफेसनल गायकको जस्तो मिठासपूर्ण हुने कुरै भएन ! भुवनले फिल्ममा बोल्ने संवाद शैलीमा गीत सुनाए । तर, उनलाई आँखा अगाडि देख्न पाउँदा दर्शक त्यसै दंग थिए ।

त्यस्तै यस कार्यक्रममा वरिष्ठ फिल्मकर्मी नीर शाह 'कामना लाईफ टाईम एचिभमेन्ट अवार्ड २०७६' बाट सम्मानित भएका छन् । समारोहमा उनलाई सो सम्मान प्रदान गरिएको हो । नगद १ लाख रुपैयाँसहितको सम्मान शाहलाई कामना प्रकाशनका अध्यक्ष एवं सिईओ दिरेकलाल श्रेष्ठ, सिजी ईन्टरटेन्मेन्टकी प्रवन्ध निर्देशक मेघा चौधरी, कामना मासिकका सम्पादक विदुर गिरी, प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल र शसस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनालले संयुक्त रुपमा प्रदान गरे । शाह अभिनेता, निर्माता, निर्देशक तथा गीतकार पनि हुन् । कार्यक्रममा प्राविधिक तर्फको 'कामना लाईफ टाईम एचिभमेन्ट अवार्ड २०७६' मेकअप आर्टिष्ट सन्तु तामाङलाई प्रदान गरियो । तामाङलाई पर्दा पछाडी रहेर पुऱ्याएको महत्वपूर्ण योगदानको कदर गर्दै नगद १ लाख रुपैयाँ सहितको यो सम्मान दिइएको हो ।

### अवार्ड विजेता

उत्कृष्ट फिल्म : प्रसाद
उत्कृष्ट निर्देशक : दिनेश राउत (प्रसाद)
उत्कृष्ट अभिनेता : विपिन कार्की (प्रसाद)
उत्कृष्ट अभिनेत्री : नम्रता श्रेष्ठ (प्रसाद)
कामना पब्लिक च्वाईस अवार्ड : स्वस्तिमा खड्का
उत्कृष्ट सह अभिनेता : दयाहाङ राई (साइँली)
उत्कृष्ट सह अभिनेत्री : प्रियंका कार्की (नाईं नभनू ल ५)
उत्कृष्ट डेब्यू नायक : उमेश थापा (बोबी)
उत्कृष्ट डेब्यू नायिका : सुहाना थापा (ए मेरो हजुर ३)
सिजी क्रिटिक्स अवार्ड थिएटरः सिर्जना सुब्बा
सिजी क्रिटिक्स अवार्ड फेशन : ज्ञानी शोभा तुलाधार
सिजी क्रिटिक्स अवार्ड संगीत : न्न्यु बज्राचार्य
कामना जुरी अवार्ड : फिल्म 'हरी'
उत्कृष्ट कथाकार : खगेन्द्र लामिछाने (डमरुको डण्डीबियो)
उत्कृष्ट डेब्यू निर्देशक : छेतेन गुरुङ (डमरुको डण्डीबियो)
उत्कृष्ट खलपात्र : प्रमोद अग्रहरी (कथा काठमाण्डु)
उत्कृष्ट सम्पादक : निमेष श्रेष्ठ (डमरुको डण्डीबियो)
उत्कृष्ट पटकथा : सुशिल पौडेल (प्रसाद)
उत्कृष्ट संवाद : दीपकराज गिरी (छक्का पञ्जा ३)
उत्कृष्ट हाँस्यकलाकार : केदार घिमिरे (छक्का पञ्जा ३)
उत्कृष्ट बालकलाकार : सेड्रिना शर्मा (नाईं नभनू ल ५)
उत्कृष्ट कोरियोग्राफर : कविराज गहतराज (छक्का पञ्जा ३)
उत्कृष्ट द्वन्द्व निर्देशक : शुक्रराज शाह (भिलेन)
उत्कृष्ट पार्श्व संगीत : एलिश कार्की (डमरुको डण्डीबियो)
उत्कृष्ट संगीतकार : बसन्त सापकोटा (नाईं नभनु ल ५)
उत्कृष्ट गीतकार : दिनेश थपलिया (तिम्रो आँखामा, नाईं नभन्नू ल ५)
उत्कृष्ट गायक : हेमन्त राना मगर (साइँली)
उत्कृष्ट गायिका : अञ्जु पन्त (सँगसँगै -बाँध मायाले)
उत्कृष्ट छायाँकार : पुरुषोत्तम प्रधान (नाईं नभन्नू ल ५)
उत्कृष्ट ध्वनी मिश्रण : सुनयमान श्रेष्ठ (छक्का पञ्जा ३)
उत्कृष्ट श्रृंगार : श्याम लामा (चक्कर)
लाईफटाईम एचिभमेन्ट अवार्ड कला : नीर शाह
लाईफटाईम एचिभमेन्ट अवार्ड प्राविधिक : सन्तु तामाङ
'पुस्करलाल मिडिया अवार्ड' : आर. के मानन्धर

## 'नेपाल स्टार'को बुटवल अडिसनमा उल्लेख्य सहभागी

**काठमाडौं/मस-** गायन प्रतियोगिता 'नेपाल स्टार' को पहिलो अडिसन बुटवलमा भएको छ । नेपाल टेलिभिजनको प्रस्तुती र 'कि एडभरटाजिङ'को व्यवस्थापनमा हुन लागेको गायन प्रतियोगिताको पहिलो अडिसन शनिबार बुटवलको श्री कालिका मानवज्ञान माविको प्रांगणमा भएको हो ।

'हामी नेपाली, हाम्रो आवाज' भन्ने नारासहित सुरु हुन गइरहेको 'वाईवाई नेपाल स्टार' को पहिलो अडिसनमा उल्लेख्य संख्यामा उपस्थिति छ । बुटवल आसपासका साथै गुल्मी, अर्घाखाँची, नवलपरासी, पाल्पा, दाङ, प्युठान लगाएतका जिल्लाबाट अडिसनका लागि आएका थिए । प्रतियोगिताको अडिसन अब धनगढी, सुर्खेत, पोखरा, चितवन, वर्दिवास र इटहरीमा हुनेछ । नेपाल स्टारको अडिशन अब २२ गते धनगढी, २५ गते सुर्खेत, २९ गते पोखरामा हुने छ । त्यसैगरी माघ ३ गते चितवन, ६ गते वर्दिवावस र ९ गते इटहरिमा अन्तिम अडिसन हुने छ ।

प्रतियोगितामा रामकृष्ण




ढकाल, आलोकश्री तथा अञ्जु पन्त निर्णायकको भूमिकामा रहेका छन् । नगद ५० लाख सहित विभिन्न अवसर तथा गिफ्ट ह्याम्पर पुरस्कार रहेको प्रतियोगिताको विजेताले उपाधि सहित नगद ३५ लाख प्राप्त गर्नेछन भने अन्य तीन जनाले नगद ५-५ लाख प्राप्त गर्नेछन् । १६ देखि ४५ वर्ष उमेर समूहका जो कोहीले सहभागिता जनाउन पाउने यस प्रतियोगिताको अडिसनका लागि फारम, उमेर खुल्ने परिचयपत्र सहित दुई ओटा फोटो आवश्यक पर्नेछ ।

फारम अनलाइनमार्फत डाउनलोड गरेर पनि भर्न सकिने वा अडिसन स्थलमै पनि भर्न सकिने व्यवस्था रहेको प्रतियोगिताको व्यवस्थापकका साथै कि एडभरटाइजिङका बजार व्यवस्थापक दिनेश पोखरेलले जानकारी गराए । देशैभरीबाट गायन प्रतिभाहरुको पहिचान गरि प्रतियोगिताबाट उत्कृष्ट प्रतिभा उत्पादन गर्ने लक्ष्य सहित प्रतियोगिता आयोजना गरिएको कि एडभरटाइजिङका प्रबन्ध निर्देशक रविन्द्र कुमार रिजालले बताए । करिब ६ महिनासम्म चल्ने प्रतियोगिता कुनै बिदेशी फ्रेन्चाईज नभई नितान्त नेपालकै आफ्नो मौलिक ब्राण्ड भएको समेत शशीको भनाइ छ ।

## 'मिसेस टुरिज्म एम्बेसडर वर्ल्ड २०२०' शिलास्मा



**काठमाडौं/मस–** नेपाली शिलास्मा हमाल मल्लले 'मिसेस टुरिज्म एम्बेसडर वर्ल्ड २०२०' को उपाधि जितेकी छिन् । मलेसियाको क्वालालम्पुरमा आयोजित प्रतियोगितामा उनले अन्य मुलुकका प्रतिस्पर्धीलाई उछिन्दै 'मिसेस टुरिज्म एम्बेसडर वर्ल्ड २०२०' को ताज नेपालकी हात शिलास्माले प्राप्त गरेकी हुन् ।

विभिन्न चरणमा उत्कृष्ट प्रदर्शन दिँदै फाइनलमा पुगेकी शिलास्माले सर्वोत्कृष्ट हुँदै प्रतियोगिताको वर्ल्डतर्फको शीर्ष उपाधि र ताज जितेकी हुन् । नेपालबाट उक्त प्रतियोगिताका लागि मोडल तथा 'मिसेस टुरिज्म एम्बेसडर २०२०' विजेता शिलास्माले प्रतिनिधित्व गरेकी थिइन् । विभिन्न देशका २१ जना महिला सहभागी भएको प्रतिस्पर्धामा युनिभर्सतर्फको ताज भने मलेसियाले जितेको छ । केही वर्षदेखि मोडलिङ गर्दै आएकी शिलास्माले नेपालका केही ब्युटी पेजेन्टमा पनि उपाधि जितिसकेकी छन् ।

## 'देउकाशी' को बंगलादेशमा मञ्चन



**काठमाडौं/मस-** बंगलादेशको बरिसालमा भएको शब्दबोली नाट्य महोत्सवमा नेपाली नाटक 'देउकाशी' मञ्चन गरिएको छ । आयोजक संस्था शब्दबोलीका अध्यक्ष एवं वरिष्ठ बंगाली रंगकर्मी सोयव दुलालले भाषा नबुझ्ने पनि नाटकबाट धेरै कुरा बुझिएको जनाउँदै नेपाली कला र संस्कृतिको प्रशंसा गरे ।

आदिइत्यादिका अन्तरराष्ट्रिय संयोजक प्रा.डा. अशोक थापाले देउकाशी गण्डक क्षेत्रको एउटा प्रतिनिधि पात्र भएको उल्लेख गरे । नाटकले सांस्कृतिक मान्यता र सांस्कृतिक विचलनबीचको द्वन्द्वलाई कलात्मक किसिमले उठाएको छ । साथै अन्तरजातीय विवाहले निम्त्याएको सांस्कृतिक विचलन र त्यसको असरको मुद्दालाई नयाँ किसिमले उठान गरेको छ ।

आदिइत्यादिको प्रस्तुती रहेको नाटकको पुरु लम्सालको लेखन तथा निर्देशन, सुशीलसिंह ठकुरी, सरस्वती अधिकारी, रोशनी स्याङ्बो आइपी आचार्य र अशोक थापाको अभिनय रहेको छ भने दिवाकर घिमिरेको प्रकाश परिकल्पना र परिचालन रहेको छ ।

### भूल सुधार

मिति २०७६/०९/२० गते मध्यान्ह दैनिकमा प्रकाशित साउदीमा रोजगारको अवसर शिर्षक, को विज्ञापनमा कम्पनी : Sara International Safty Equip. Est., चलानी नं.: ६०१४९५४१, र LT. No.: 230272 र पूर्व स्वीकृत मिति: २०७६/०९/१८ मा हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

अरनिको ओभरसिज प्रा. लि.
कुपण्डोल, ललितपुर, नेपाल, फोन: ५५५५३६५, ५०१०६५७, ५०१०६५८
श्रम इजाजत नं. २६७/०६८/०६९
Email: aranikooverseas@gmail.com, Website: www.aranikooverseas.com

### भूल सुधार

मिति २०७६/०९/१९ गते मध्यान्ह दैनिकमा प्रकाशित कम्पनी : Afaf Ibrahim Bin Hail Al Shammari Contracting Est.., चलानी नं.: ६०१४९४००, र LT. No.: 230180 को विज्ञापनमा साउदीमा रोजगारको अवसर शिर्षक, हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

पिरामिड इन्टरनेशनल इम्प्लाइमेन्ट सर्भिस (प्रा.) लि.
श्रम इजाजत नं. ७४/०७१/०७२
महाराजगंज, चप्पल कारखाना, लोशाल, काठमाडौं
नेपाल, फोन: ०१-४०१७१०७, ४०१७१४१, ४०१७०६३
Email: pyramidinter1995@gmail.com / Web: www.pyramidmanpower.com


### मलेसियामा रोजगार

१. कम्पनी : SINGH MANAGEMENT SERVICES SDN BHD
शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०७६/०९/२० चलानी नं.: ६०१४९५५६ LT. No.: 230470

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 60 | 0 | स. काममा दक्ष | 1100 | ३०,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : EDGE WELL SDN. BHD. शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०७६/०९/२० चलानी नं.: ६०१४९५५७ LT. No.: 230503

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 10 | 0 | स. काममा दक्ष | 1100 | ३०,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा पुस २८ गते (13 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

SHERPA INTERNATIONAL MANPOWER CONSULTANCY PVT. LTD
Govt. Lic No.: 430/060/061
P.O. Box: 26258, Samakhusi-29, Kathmandu, Nepal, Tel: 00977-1-4390190, 4364821 (Fax)
Website: www.sherpaintl.com, E-mail: infosherpadoc@gmail.com



### UAE मा रोजगार

कम्पनी: TRANSGUARD GROUP LLC
शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०७६/०९/२० चलानी नं.: ६०१४९५६७ LT. No.: 230251

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard-dps | 50 | 0 | सम्बन्धित काममा दक्ष | 2267 | ७०,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard (Psbd) | 50 | 0 | | 2000 | ६२,४०० | | | | | | | |
| 3. | Cargo Loader / Porter | 50 | 0 | | 1000 | ३१,२०० | | | | | | | |
| 4. | Airport Loader/porter | 50 | 0 | | 1025 | ३१,९८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा पुस २८ गते (13 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Forever Human Resource solution Pvt. Ltd
Govt. Lic. No. 1411/074/075
Tokha Road, Samakhusi-10, Kathmandu, Tel: 4353298, 4354685
Mob.: 9851188173, 9813640521, 9803249332, 9851001003, 9818500630, 9810023016



### मलेशियामा रोजगार

कम्पनी: POLYTAINER INDUSTRIES SDN BHD
शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७६/०९/२० चलानी नं.: ६०१४९५५९ LT. No.: 230419

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1100 | ३०,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा पुस २८ गते (13 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

SWIFT H.R. SOLUTION PVT.LTD
श्रम इजाजत नं. ११९७/०७३/०७४
samakhushi-26- Kathmandu, Tel.: 01-4352852, 9851154618, 9860067074, 9801052384 9841533107, Email: Swifthr12@gmail.com, Web: www.swifthrsolution.com



### मलेसियामा रोजगार

कम्पनी: SPN SECURITY SERVICES SDN BHD
शहर: JALAN
पूर्व स्वीकृत मिति: २०७६/०९/२० चलानी नं.: ६०१४९५६८ L.T. No.: 230597

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 25 | 0 | स. काममा दक्ष | 1100 | ३०,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा पुस २८ गते (13 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

UTSAV H.R. SOLUTION PVT. LTD.
Govt. Lic. No. 1459/074/075
Pingalasthan-9, Gaushala, Kathmandu, Tel.: 4484436
9803600675, 9851171553, E-mail: info.utsavhrsolution@gmail



### SAUDI मा रोजगार

कम्पनी: ABDUL AZIZ ABDULLAH AL HABIB MAINTENANCE EST.
शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७६/०९/१८ चलानी नं.: ६०१४९४५१ L.T. No.: 229531

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician Maintenance | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३६,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Plumber | 1 | 0 | | 1200 | ३६,६५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा पुस २८ गते (13 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

अल-जाफर ईन्टरनेशनल प्रा. लि.
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
कुपण्डोल, ललितपुर, नेपाल, फोन: ५५२२१००, ५५५०२४२, फ्याक्स: ५५२६२३८

# विरोधकाबीच हवाई भाडा समायोजनको तयारी

**मध्यान्न संवाददाता**
काठमाडौं, २० पुस

भ्रमण वर्षको शुभारम्भ अगाडि नै हवाई भाडा समायोजन गर्ने जनाएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले केही दिन ढिला गरी पुन : भाडा समायोजनाको तयारी गरेको छ। निजी बायुयानहरुले असहमति जनाए पनि मन्त्रालयले पहिलो चरणमा सुगम, दोस्रो चरणमा पहाडी क्षेत्रमा भाडा समायोजनाको तयारी गरेको मन्त्रालयका एक अधिकारीले जानकारी गराए।




'हामी अलि पहिलेदेखि नै भाडा समायोजनको तयारीमा रहेका छौँ, निजी क्षेत्रको पनि सहमति लिन केही ढिला गरिएको हो। तर, सहमति नभए पनि भाडा समायोजन गरिन्छ' मन्त्रालयका ती अधिकारीले भने।

पर्यटन मन्त्रालयले गठन गरेको कार्यदलले बुझाएको सुझाव अनुसार चरणवद्ध रुपमा भाडा समायोजनको तयारी गरिएको ती अधिकारीले बताएका छन्।

यसअघि नै एयरलाइन्सहरुले भाडा समायोजन भएको उडान गर्न गाह्रो हुनेभन्दै सरकारको ध्यानकर्षण गराएका छन्।

मन्त्रालय स्रोतकाअनुसार पहिलो चरणमा सुगमका जिल्लाहरुमा हवाई भाडा समायोजन हुने छ। सुगमका जिल्लाहरुमा धेरै विदेशीहरु यात्रा नगर्ने भएकोले पनि मन्त्रालयले पहिलो चरणमा त्यस ठाउँमा जाने एयरलाइन्सको भाडा समायोजनमा लागेको देखिन्छ।

सुगम क्षेत्रमा मात्र भाडा समायोजन गर्न सकियो भने पनि राम्रो सन्देश जाने भएकोले पर्यटन मन्त्री भट्टराईको जोड त्यस तर्फ रहेको जनाएको छ।

यता विदेशी र नेपालीलाई लिने हवाई भाडादर पनि फरक-फरक छ। नेपालीलाई भन्दा विदेशीलाई लिने हवाई भाडा दोब्बर महंगो भएको भन्दै पर्यटन व्यवसायीहरुले विरोध जनाउदै आएका छन्। पर्यटमन्त्री योगेश भट्टराईले पटक-पटक दोहोरो भाडादर हटाएरै छाड्ने प्रतिवद्धता जनाए पनि सरकारी स्वामित्वको एयरलाइन्सले समेत एउटै भाडादर निर्धारण गरेको छैन।

# हट्यो आमा-बुवालाई १० प्रतिशत आम्दानी दिने प्रावधान

**मध्यान्न संवाददाता**
काठमाडौं, २० पुस

जेष्ठ नागरिक सम्बन्धी ऐन (पहिलो संशोन) विधयेक २०७६ प्रतिनिधि सभाअन्तर्गतको महिला तथा सामाजिक समितिबाट सर्वसहमतिले पारित भएको छ। आइतबार सिंहदरबारमा बसेको समितिको बैठकले मुख्य चासोको विषय नै हटाएरे पारित गरेको हो।

सरकारले संशोधन गरेको विधेयकमा कुल आम्दानीको १० प्रतिशत रकम आमा-बुवाको खातामा जम्मा गर्नुपर्ने प्रावधान रहेको थियो। तर, समितिले कार्यन्वयन गर्न समस्या पर्ने र व्यवहारिक नहुनेभन्दै सर्वसहमतिबाट हटाएको हो।

सरकारले अघि सारेको प्रवधानअनुसार नै पास भएको भए सन्तानले आफ्नो आमा-बुवाको जीवीकोपार्जनको लागि आफ्नो



आम्दानीको १० प्रतिशत रकम अनिवार्य बुवा-आमाको खातामा जम्मा गरिदिनु पर्ने प्रवधान राखिएको थियो। यो प्रवधान हटाए पनि जेष्ठ नागरिकको जीवनयापनमा समस्या देखिएको खण्डमा आवश्यक रकम सन्तानबाट लिइ जेष्ठ नागरिकहरुको हेरचाहका लागि उपलब्ध गराउन सक्ने व्यवस्था गरिएको छ।

जेष्ठनागरिकको हकवालाको आर्थिक आम्दानी वा हैसियतअनुसार निश्चित रकम मासिकरुपमा जेष्ठ नागरिकहरुको खातामा जम्मा गराउन सक्ने प्रावधान विधेयकमा छ। स्थानीय तहले निर्णय गर्नुभन्दा पहिले जेष्ठ नागरिकको जीवनयापनमा तत्काल केही गर्न आवश्यक देखिएमा वडाध्यक्षले नै अन्तरिमरुपमा तिनका सन्तानलाई सम्बन्धित जेष्ठ नागरिकको खातामा निश्चित रकम जम्मा गर्न लगाउन सक्ने व्यवस्था समेटिएको छ।

विधेयकमा जेष्ठ नागरिकहरुको सीप तथा ज्ञान हस्तान्तरणका लागि स्थानीय तहले ज्ञान सीप केन्द्रको स्थापना गरिने उल्लेख गरिएको छ।

## कुमारी जब वेबसाईट सञ्चालनमा



**काठमाडौं/मस-** कुमारी जव प्रालिले कुमारी जव ड टकम नामक वेवसाईट सञ्चालनमा ल्याएको छ। प्रालिले नयाँ मोवाईल एपको समेत शुभारम्भ गरेको छ।

सो वेवसाईट तथा एपको विशेषता, रोजगारदाता तथा रोजगार खोजिरहेकाहरुलाई सहज भएको बताइएको छ। नेपालभर मानव संसाधन व्यवस्थापनमा विभिन्न संस्थामा आवद्ध रहि काम गर्दै आएका व्यवस्थापक र अन्य संघ संस्थामा आवद्ध व्याक्तिको ठूलो उपस्थितिका विच कुमारी जबले आफ्नो छैटौं वाषिक उत्सव मनाएको हो।

कुमारी जब प्रालिका व्यवस्थापकीय प्रमुख श्री सन्देश भण्डारीले कुमारी जब प्रालि नव संसाधनका क्षेत्रमा एउटा बलियो खम्बा बनिसकेको र आगामी दिनमा यसले थप सेवा प्रदान गर्ने प्रतिबद्धता समेत व्यक्त गरे। त्यसैगरी कुमारी जब प्रालि मानव संसाधन व्यवस्थापनका सम्पुर्ण पक्षसँग जोडिईसकेको र यो क्षेत्रमा आफुले निरन्तर योगदान गर्न पाएकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा थप उर्जाका साथ यो क्षेत्रलाई सफल र सेवामुखी बनाउन निरन्तर लागि रहने कुरा बताए।

## लुम्बिनी जनरलको लघु बीमा प्रशिक्षण

**काठमाडौं/मस-** लघुबीमा सम्बन्धी देशव्यापीअभिमुखिकरण कार्यक्रमअन्तर्गत उदयपुरको गाईघाटमा पनि अभिमुखी कार्यक्रम गरेको छ। नेपाल बीमक संघको आयोजना तथा युके एड, सक्षमको सौजन्यतातथालुम्बिनी जनरल इन्स्योरेन्स कम्पनीको व्यबस्थापनमाउक्त कार्यक्रम आयोजना गरिएको थियो।

कार्यक्रममा त्रियुगा नगरपालिकाकी उपप्रमुख देवीकुमारी चौधरी, चौडण्डीगढी नगरापालिकाका प्रमुख खगेन्द्र राई, कृषि ज्ञान केन्द्र, उदरपुरका प्रमुख नरनाथ रेग्मी, प्रधानमन्त्री कृषिआधुनिकीकरण जोनका प्रतिनिधि, भेटनरी अस्पताल तथा पशुसेवा बिज्ञ केन्द्रका प्रतिनिधि, त्रियुगा तथा चौडण्डीगढी नगरपालिकाका वडा अध्यक्षहरुको उपस्थिति रहेको थियो।

उक्त प्रशिक्षण कार्यक्रममा स्थानिय कृषक, कृषि व्यवसायी तथा कृषिअभियन्ताहरु लगायत ८८ जनाको सहभागिता रहेको थियो।

## निर्यात दिवस मनाइने




**काठमाडौं/मस -** नेपाल निर्यात परिषदले २२ पुसमा चौथो निर्यात दिवस मनाउने भएको छ। आइतबार राजधानीमा पत्रकार सम्मेलन गर्दै परिषद्ले सो बारे जानकारी दिएको हो। विविध समस्याको बाबजुद पनि परिषद्ले निर्यात क्षेत्रको प्रवर्द्धन तथा प्रोत्साहनका लागि चौथो निर्यात दिवस भव्य रुपमा मनाउनलागेको पत्रकार सम्मेलन मार्फत जानकारी दिएका छन्। पौष २२ गते हुने प्रभातफेरी कार्यक्रमको उद्घाटन अर्थमन्त्री डा. युवराज खतिवडाले गर्ने कार्यक्रम रहेको छ।

नेपाल निर्यात परिषद्को आयोजना र नेपाल हस्तकला महासंघको सह-आयोजनामा हुने उक्त प्रभातफेरी कार्यक्रम ठमेलको कर्मचारी सञ्चय कोषबाट शुरु भई, जमल, घण्टाघर, सुन्धारा हुँदै पुनः ठमेलमा आई कोणसभामा परिणत भएर सम्पन्न गरिने परिषद्ले जानकारी दिएको छ।

निर्यातकर्ता व्यवसायीहरुबीचको ऐक्यबद्धता देखाउँदै निर्यात क्षेत्रको समस्या उजागर गर्न, आयातमुखी बजारलाई निर्यातमुखी बनाउन, सरकार र सम्पूर्ण सरोकारवालाहरुको ध्यानाकर्षण गर्न निर्यात र व्यवसायीकहरुबीचको सुमधुर सम्बन्ध स्थापित गर्न सो कार्यक्रमको आयोजना गरिएको श्रेष्ठले बताएका छन्। सोही दिन २२ औं साधारणसभाले परिषद्को नयाँ कार्यसमिति समेत चयन गर्नेछ।

## स्वावलम्बन लघुवित्तले २६ प्रतिशत बोनस दिने



काठमाडौं/मस- स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिको १८ औं वार्षिक साधारण सभाले सेयरधनीलाई २६ प्रतिशत बोनस र १४ प्रतिशत नगद गरी ४० प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ।

आइतवार काठमाडौंमा सम्पन्न वार्षिक साधरण सभामा कम्पनीले गत आर्थिक वर्ष २०७५र ७६ मा ४२ करोड ४१ लाख ३८ हजार ८७४ खुद नाफा आर्जन गर्न सफल भएको जानकारी दिइयो। साथै साधारण सभाले आव २०७५र ७६ को वासलात, नाफा-नोक्सान हिसाव लगायत अन्य वित्तीय विवरणसमेत पारित गरेको छ।

कम्पनीले चाल आर्थिक वर्षको मंसिर मसान्तसम्म ६१ जिल्लाका १४० शाखार उपशाखा कार्यालय तथा नौ ओटा इलाका कार्यालयबाट २ लाख ४५ हजार ११६ महिला ग्राहक सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गर्दै आएको छ।

सो अवधिमा वित्तीय संस्थाको लगानीमा रहिरहेको कर्जा रकम रूदशमलव १५ अर्व ६३ करोड ३३ लाख पुगेको छ। कम्पनीको आन्तरिक पूँजी निर्माणमा सहयोग पुग्ने सदस्यको बचत यस अवधिसम्ममा ८ अर्व २६ करोड ४४ लाख ५ हजार रहेको छ।

कम्पनीको अधिकृतपूँजी १ अर्ब रहेको छ। साधारण सभाले जारी तथा चुक्तापूँजी ७९ करोड २३ लाख ९९ हजार ४०० कायम गर्ने निर्णय गरेको छ।

उक्त साधारणसभाले सर्वसाधारण सेयरधनी समूह 'ख' अन्तर्गत सेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने एक जना सञ्चालकमा विष्णु प्रसाद त्रिपाठीलाई निर्विरोध निर्वाचित गरेको छ।

## नेप्सेमा एकैदिन १६ अंकको उकालो

**काठमाडौं/मस-** यस साताको पहिलो दिन आइतबार शेयबजार कारोबार मापन गर्ने नेप्से परिसूचक दोहोरो अङ्कले बढेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से १६ दशमदव ०९ विन्दुले बढेर एक हजार १८२ दशमलव ३१ मा पुगेको छ। यस्तै सेन्सेटिभ परिसूचक ३ दशमलव ५१ विन्दुले बढेर २५५दशमलव ६९ मा पुगेको छ। नेप्सेको छलाङसँगै कारोबार रकममा समेत वृद्धि भएको छ। कूल १७३ कम्पनीको २० लाख ८२ हजार ८७४ कित्ता शेयर रु ७१ करोड २४ लाख २५ हजार ८२७ मूल्यमा खरीद बिक्री भए।

कारोबार भएका कूल १२ उपसमूहको नै शेयर बढेको छ। बैंकिङ १६ दशमलव ७४, व्यापार ६दशमलव३५, होटल १० दशमलव६४, विकास बैंक १९ दशमलव ३६, जलविद्युत् ८दशमलव ६७, वित्त ३दशमलव८६, निर्जीवन बीमा ५९दशमलव२९, उतपादन २ दशमलव३९, अन्य २दशमलव७७, लघुवित्त ४०दशमलव२४, जीवन बीमा ८३दशमलव६८ र सामूहिक लगानी कोष ०दशमलव०१ विन्दुले बढेको छ। नेप्सेका अनुसार कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा रहेको छ। सो कम्पनीको रु पाँच करोड ६२ लाख २७ हजार ३८४ बराबरको कारोबार भयो। यस्तै, एनआइसी एशियाको चार करोड ३४ लाख ४१ हजार १२८, गरिमा विकास लघुवित्त वित्तीय संस्थाको चार करोड २१ लख ५३ हजार ४५३, नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको रु तीन करोड पाँच लाख ४६ हजार ६६६, हिमालयन डिस्टिलरीको रु दुई करोड ५० लाख १८ हजार ५१८, नागरिक लगानी कोषको रु दुई करोड ३२ लाख ३७ हजार ३७९ र डिप्रोक्स लघुवित्त वित्तीय संस्थाको रु एक करोड ९१ लाख २५ हजारमा कारोबार भई शीर्ष स्थानमा रहे।

नेप्सेका अनुसार आज बोमी माइक्रोफाइनान्स वित्तीय संस्थाका लगानीकर्ताले ९दशमलव९३ प्रतिशतले कमाए। गरिमा विकास लघुवित्त वित्तीय संस्था ९दशमलव५४, श्रीराम सुगर मिल ७ दशमलव ६९, सप्तकोशी डेभलपमेन्ट बैंक ७ दशमलव ३८, कञ्चन डेभलपमेन्ट बैंक ७ दशमलव १८, सिनर्जी पावर ६ दशमलव ७४ र सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्थाका लगानीकर्ताले ६ दशमलव ६० प्रतिशतले कमाए।

यस्तै, नेपाल फाइनान्स ५ दशमलव ६३, कर्पोरेट डेभलपमेन्ट बैंक ५दशमलव १२, पञ्चकन्या माई हाइड्रोपावर ३ दशमलव ४४, सिद्धार्थ इक्विटी फण्ड २ दशमलव७७, नेपाल इन्भेस्टमेन्ट बैंकको संस्थापक शेयर २ दशमलव १३ र खानीखोला हाइड्रोपावरका लगानीकर्ताले २ प्रतिशतले गुमाए।

## एनसीएचएलको संयुक्त प्रवर्द्धन अभियान

**काठमाडौं/मस-** नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसीएचएल)ले बैंक खातामा आधारित डिजिटल कारोबारलाई कनेक्ट आईपीएस ई-पेमेन्ट प्रणालीमार्फत प्रवर्द्धन गर्न नेपालका अग्रणी बैंकहरुसँग संयुक्त प्रबर्धन अभियान शुरु गरेको छ।

बैंकका ग्राहकहरुले आफ्नो बैंक खातालाई कनेक्ट आईपीएसमा लिंक र भेरिफाई गरेपछि प्रबर्धन अवधिभित्र सम्बन्धित बैंकले उनीहरुको खातामा १०० जम्मा गरिदिनेछ। सो १०० बराबरको इन्सेन्टिभ हाल लम्भी बैंक, सिटिजन बैंक इन्टरनेशनल, नबिल बैंक र नेपाल बैंकका ग्राहकहरुका लागि उपलब्ध रहेका छन्।

बैंकले आफ्ना शाखाहरुबाट युजर आइडी बनाउनर बैंक खाता लिंकगर्न ग्राहकहरुलाई सहयोग गर्नेछन्। ग्राहकहरुले धधधाअयललभअतष्उका अफ, यसको मोबाइल एप वा बैंकको आफ्नै मोबाइल बैंकिंग प्रयोग गरेर सिधैं आफ्नो बैंक खाताबाट भुक्तानी कारोबार गर्न सक्छन्।

# सुनको मूल्यमा नयाँ रेकर्ड



**काठमाडौं/ मस-** स्थानीय बजारमा सुनको मूल्यले निरन्तर नयाँ उचाई कायम गरेको छ। गत शुक्रबार अहिलेसम्मकै उच्च विन्दुमा सुनको मूल्य पुगेको आईतबार पुन वृद्धि भएसँगै सुनको मूल्यले नयाँ रेकर्ड कायम गरेको हो।

शुक्रबार ७४ हजार ५०० मा कारोबार भएको छापावाला सुन आइतबार एक हजारले वृद्धि भइ तोलामा ७५ हजार ५०० कायम भएको नेपाल सुन-चादीँ व्यवसायी महासंघले जनाएको छ।

महासंघका अनुसार आइतबार तेजाबी सुन तोलामा ७५ हजार २०० रुपैयाँमा कारोबार भयो। शुक्रबार तेजाबी सुनको मूल्य ७४ हजार २०० थियो। चाँदीको मूल्य भने प्रतितोला ९०० मा कारोबार भएको छ। शुक्रबार पनि चाँदीको मुल्य ९०० नै थियो। पछिल्लो १९ दिनमा मात्रै सुनको मूल्य चार हजार रुपेयाँले बढेको छ।

पुस १ गते छापावाला सुन प्रतितोला रु ७१ हजार ५०० मा कारोबार भएको थियो भने तेजाबी सुन प्रतितोला ७१ हजार २०० मा कारोबार भएको थियो। बिहेको महिना भनेर चिनिने र सुनको धेरै खपत हुने मंसिर महिनामा सामान्य अंकले ओरालो लागेको सुनचाँदीको बजारमा पछिल्ला दिनमा भने उल्लेख्य मूल्य वृद्धि भएको छ।

## सिटिजन्स बैंकको मास्टरकार्ड सेवा

**काठमाडौं/मस-** सिटिजन्स बैक इन्टरनेशनलले आफ्नो बैंकको एटिएम कार्डमा मास्टरकार्ड सेवा सुरुवात गरेको छ। यो सेवाको सुरुवातसँगै मास्टरकार्ड, मास्टेरो र सिरस ब्राण्डका कुनै पनि कार्ड यस बैंकको एटिएममा चल्नेछन्।

नेपाल भ्रमण बर्ष २०२० को सुरुवातँसगै प्रारम्भ गरिएको यस सेवाबाट विशेष गरी नेपाल भ्रमणमा आउने विदेशी पर्यटक र नेपालमा मास्टरकार्ड ब्राण्डका कार्ड हुने ग्राहकहरु लाभान्भित हुने छन्। बैंकले यस अघि नै भिसा र युनियन पेसँग सहकार्य गरी ती ब्राण्डका कार्डमार्फत कारोबार गर्दै आइरहेको जारी विज्ञप्तिमा उल्लेख छ।

## रावा बैंकका ६७ कर्मचारीलाई सम्मान

**काठमाडौं/मस-** राष्ट्रिय वाणिज्य बैक कर्मचारी संघ नेपालले ६७ जना पूर्व पदाधिकारीहरुलाई सम्मान तथा बिदाइ गरेको छ। संघको स्थापना दिवशको अवसरमा सेवाबाट निवृत्त भएका कर्मचारीलाई सम्मान गरिएको हो।

कार्यक्रममा विभिन्न विषयका विद्धानहरुको लेख समेटिएको संघको मुखपत्र लक्ष्ययात्रा २०७६ को विमोचन समेत गरिएको थियो। कार्यक्रममा पेशागत हक, हित तथा सस्थाको सम्बर्द्धनका बिषयमा ब्यापक रुपमा विषयहरु उठान गरिएको थियो। सो कार्यक्रममा संघका पूर्व अध्यक्ष तथा बैंक, बीमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ नेपालका राष्ट्रिय समितिका अध्यक्ष नारायण प्रसाद सुवेदी, पूर्व अध्यक्षहरु वेदबहादुर लावती, शिवकुमार अधिकारी, महेशराज खरेल, पूर्व उपाध्यक्ष रोहित रेग्मी, पूर्व सचिव सुमित्रा बिसीले मन्तब्य दिए।

धुम्रपान र मद्यपानबाट टाढा रहौं, सुखी र स्वस्थ्य जीवन बिताऔं।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

यदी छ भने हामीलाई सम्झनुहोस्।
CCTV, EPABX
डि. आर. ट्रेडिङ्ग कन्सर्न

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ।
सम्पर्क : कलंकी : फोन : ४२८१९८७२
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी संगै...
जनतापाटी
www.janatapati.com

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**